का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ भदौ २०८२
बिहिबार
11 September 2025
Thursday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २२१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# गहिरियो राजनीतिक संकट

## वैधानिक निकासको खोजीमा जङ्गी अड्डा





राष्ट्रपतिलाई कार्यालयमा ल्याएर राख्ने व्यवस्था मिलाएर उहाँबाटै राजनीतिक दलहरु, आन्दोलनकारी र सम्बद्ध सरोकारवालाहरुलाई बोलाएर वैकल्पीक सरकारको प्रकृया अघि बढाउनुपर्छ ।

**गोबिन्द बन्दी**
संविधानविद वरिष्ठ अधिवक्ता



सबैभन्दा पहिले संविधान मान्ने कि नमान्ने प्रष्ट हुनुपर्छ । संविधानभित्रै समाधान खोज्ने हो भने गैरसांसद् प्रधानमन्त्री बन्न र संसद् विघटन गर्न मिल्दैन ।

**कल्याण श्रेष्ठ**
पूर्वप्रधान न्यायाधीश

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं,२५ भदौ ।

जेन-जी विद्रोहले सत्ता ढलेसँगै मुलुक पुनः संक्रमणकालीन अवस्थामा पुगेको छ । संवैधानिक र राजनीतिक संकट गहिरिंदै जाँदा वैधानिक व्यवस्थाभित्रैबाट निकास खोज्न नागरिकस्तरबाट दबाब बढ्न थालेको छ । राजनीतिक दलहरुका लागि पनि स्वीकार्य विकल्पको खोजीका लागि जङ्गी अड्डादेखि जेन-जी समूहहरु गम्भीर छलफलमा जुटेका छन् ।

जेनजी पुस्ताले गत सोमबार गरेको आन्दोलन एकाएक हिंसात्मक बनेर भड्किएपछि देशका दुई ठूला दलहरु नेपाली कांग्रेस र नेकपा एमाले सम्मिलित बलियो सरकार ३६ घण्टाभित्रै ढलेको थियो । विद्रोह नियन्त्रणबाहिर जाँदा शासन सत्तासँगै राज्यका प्रमुख शासकिय संरचना ध्वस्त भए । शासकिय शून्यतामा पुगेको मुलुकलाई सम्हाल्न भरपर्दो अन्तरिम सरकारको कसरत भइरहेको छ । तर, विभाजित जेन-जी अगुवा र मौकाको फाइदा उठाउन प्रयासरत स्वार्थ समूहबीच कुरा नमिल्दा मुलुक नेतृत्वविहिन अवस्थामा छ ।

प्रधान सेनापति अशोकराज सिग्देलले जेन-जीदेखि असन्तुष्टि पोख्दैआएका दुर्गा प्रसाईसँगसमेत छलफल गरिरहेका छन् । उनले देशवासीका नाममा मंगलबार संबोधन गर्दै वार्तामा आउन आव्हान गरेका थिए । बुधबार जेन-जी समूहका प्रतिनिधिहरु, प्रसाईलगायतसँग छलफल गरिएको सैनिकस्रोतले बतायो ।

मुलुक नेतृत्वविहिन गरेकाले जतिसक्दो चाँडो संविधानको मर्मअनुसारको निकास खोज्न संविधानविदहरूले सुझाव दिएका छन् । बैधानिक व्यवस्थाभित्रैबाट समाधान खोजिए राजनीतिक संकट छिट्टै टर्ने उनीहरुको तर्क छ । पूर्वमन्त्री >>> पृष्ठ २ मा

## जेनजीमा विभाजनको खेल

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं,२५ भदौ ।

पछिल्लो परिस्थितिजन्य घटनाबाट खाली भएको मुलुकको नेतृत्व कसले गर्ने भन्ने विषयमा जेनजीभन्दा फरक व्यक्तिहरू हावी भएर युवा समुहलाई विभाजित बनाएका छन् । आगामी बन्ने अन्तरिक सरकारको नेतृत्व र उक्त सरकारमा सहभागी हुने विषयमा आन्दोनरत पक्ष भन्दा फरक व्यक्तिहरूको खेल भएसँगै जेनजी पुस्तामा विभाजन देखिएको हो ।

सैनिक मुख्यालयमा बोलाइएको छलफलको दृश्यले यसलाई पुष्टि गरेको छ । मंगलबार राती नै सेनाले जेनजीलाई प्रतिनिधिमुलक ढंगबाट वार्ता गर्न आव्हान गरेपनि उनिहरूले आफ्नो



नेता छान्न नसकेपछि बुधबार पनि वार्ता सफल हुन सकेको छैन् । सेनाको जंगि अड्डामा आन्दोलनतर युवाहरूको चाहाना विपरित मेडिकल व्यवसायी तथा राजावादी आन्दोलन भड्काएका दुर्गा प्रसाईलाई बोलाइएपछि युवाहरूले त्यसलाई अस्वीकार गरेका छन् ।

अन्तरिम सरकारमा जाने दौडमा यतिबेला सुशिला कार्की, हर्क साम्पाङ, दुर्गाप्रसाई, बालेन साह, कुलमान घिसिङसहितका व्यक्तिहरू जंगि अड्डामा लाईनमा छन् । रास्वपाले रविलाई पठाउने योजनाकासाथ युवाहरूमाझ खेलेको छ । दुर्गाप्रसाईले युवाहरूको एउटा समुहलाई कमभिन्स गरेका छन भने धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले एउटा समुहलाई निकट बनाएका छन् । बालेनका पक्षमा अधिकांश युवाहरू देखिएपनि त्यसको निर्णयमा प'ने अवस्था समेत देखिदैन । किनकी बालेन अहिले सेना र जेनजी दुबै पक्षसँग सम्पर्कमा नरहेको श्रोतको दाबी छ । >>> पृष्ठ २ मा

## सच्चिने बाचा गर्दै दोस्रो पुस्ताका नेताहरू



गम्भीर आत्मसमीक्षा एवं आत्मशोधन गर्दै नवीन र चुनौतीपूर्ण परिस्थितिकै बीचबाट हामी फेरी नयाँ ढंगबाट अगाडि बढ्नेछौं र समुन्नतिको यात्रालाई सम्हाल्ने छौं ।

**गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस



पार्टी संगठन र नेतृत्वको नयाँ ढंगले पुनर्गठन गरौं । यो काम होसियारी पुर्वक गरौं । जसले हाम्रो पार्टी एकता कायम गरोस् ।

**योगेश भट्टराई**
सचिव, नेकपा एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं,२५ भदौ ।

जेनजीको आन्दोलनपछि कांग्रेस र एमालेभित्र आन्तरिक लोकतन्त्रको विषय उठेको हो । आवश्यक कमजोरी स्वीकार गरेर फेरि गलत नगर्ने संकल्प गरेर उनीहरू सच्चिने बाचा गर्न खोज्दैछन् ।

शीर्ष नेताहरूले संघीय लोकतान्त्रिक गणतन्त्रलाई नै पेवाजस्तो बनाएर राख्न खोज्दा युवाहरूका असन्तुष्टि चुलिएको ती दलका दोसो र तेस्रो तहका नेताहरूको बुझाइ छ । यही बुझाइबाट अगाडि बढ्ने संकल्प उनीहरूले पार्टीभित्र खोजेका हुन् । प्रधानमन्त्रीबाट बहिर्गमित नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीमाथि पार्टीको नेतृत्व छाड्न दबाब परेको छ । ओली नेतृत्वको सरकारमा प्रमुख सत्ताघटकको रुपमा रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई पनि कांग्रेस नेताहरूबाट नेतृत्व त्यागन दबाब परेको छ ।

> जेनजीको आन्दोलनपछि कांग्रेस र एमालेभित्र आन्तरिक लोकतन्त्रको विषय चर्कोगरी उठेको हो । आवश्यक कमजोरी स्वीकार गरेर फेरि गलत नगर्ने संकल्प गरेर उनीहरु सच्चिने बाचा गर्न खोज्दैछन् ।

एमालेका सचिव योगेश भट्टराईले नयाँ ढंगले पार्टी अगाडि बढ्नुपर्ने बताउँछन् । सामाजिक सञ्जालमा १० बुँदे धारणा राख्दै उनले अध्यक्षबाट ओली पछाडि हट्नुपर्ने सन्देश दिएका छन् । उनले लेखेका छन्, 'पार्टी संगठन र नेतृत्वको नयाँ ढंगले पुनर्गठन गरौं । यो काम होसियारीपुर्वक गरौं । जसले हाम्रो पार्टी एकता कायम गरोस् ।'

विकसित घटनाक्रमलाई राम्रोसित विश्लेषण गरेर राजनीतिक नेतृत्वले कमजोरी स्वीकार गरेर नेतृत्व परिवर्तनका लागि राजनीतिक नेतृत्वले सहयोग गर्नुपर्ने उनको प्रस्ताव छ । एमालेका बिभिन्न तहका कमिटीबाट पार्टी परित्याग गर्नेक्रमसमेत चलिरहेका बेला सचिव भट्टराईले यस्तो बताएका हुन ।

'पार्टीमा आम सदस्यहरूको अपनत्व र सहभागिता सुनिश्चित गरौं' उनले अगाडि भनेका छन्, 'पार्टीका आन्तरिका प्रक्रियाहरूलाई पूर्णतः पारदर्शी र लोकतान्त्रिक बनाऔं ।'

नेतृत्वको विषयमा जनतामा जाने उनको प्रस्ताव छ । जनतामा जाने र जनताले जे भन्छन् सुनेर त्यसअनुसार निर्णय गर्नुपर्ने उनको आग्रह छ ।

लोकतन्त्र, बहुदलीय प्रतिस्पर्धा, मानवअधिकार, प्रेस स्वतन्त्रता, संविधानको सर्वोच्चता, कानुनको शासन जनताको बहुदलीय जनवाद (जबज)को आत्मा भएको उल्लेख गर्दै उनले यसबाट दायाँ/बायाँ नजानेगरी पार्टी संगठन र नेतृत्वको नयाँ ढंगले पुनर्गठन गर्ने भट्टराईको प्रस्ताव छ ।

उनले अगाडि लेखेका छन्, 'खरानीबाट उठेर देशको पुनर्निर्माण गर्नुछ । नेपालको हित चिताउने सबैसँगको समन्वयबाट यो काम सम्पन्न गर्ने अठोट गरौ ।'

हिमाल, पहाड, तराई, सबै जात, जाति र भाषाभाषीबीचको एकतालाई बलियो बनाएर देशभित्रको आन्तरिक सहमति अनि संवैधानिक तथा लोकतान्त्रिक मूल्य, मान्यताअनुरूप निकास दिनुपर्ने उनको आग्रह छ । विश्व समुदायले नेपालीहरूको लोकतान्त्रिक प्रयत्नलाई सहयोग गर्नुपर्ने भनेर उनले यही आधारमा अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्न आवश्यक रहेको बताएका छन् ।

जेनजी समूहले अघि सारेका भ्रष्टाचार र बेथिती अन्त्य गर्ने मागलाई समर्थन र कार्यान्वयनमा सहयोग गर्न अग्रसर हुने र नेपाल र नेपालीत्व जोगाउने गरी पार्टी संगठन र नेतृत्वको नयाँ ढंगले पुनर्गठन >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## विभागका कर्मचारीले घरबाटै श्रम स्वीकृति प्रदान गर्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ भदौ

वैदेशिक रोजगार विभागका कर्मचारीले घरबाटै श्रम स्वीकृति प्रदान गरेका छन् । जेनजी आन्दोलनकारीको प्रदर्शनको क्रममा भएको आगजनीबाट विभागमा आंशिक क्षति भएको थियो ।

विभागका तीन वटा ब्लकमध्ये श्रम स्वीकृति प्रदान गर्ने माथिल्लो ब्लक सुरक्षित रहेको छ । आगालागीबाट महानिर्देशक कमलप्रसाद भट्टराईसहित निर्देशकहरूको कार्यकक्षमा क्षति पुगेको छ ।

महानिर्देशक भट्टराईको कार्यकक्ष केही दिनअघि मात्रै रेनोभेसन गरिएको थियो । आन्दोलनकारीले विभागका दुई वटा मोटरसइकल जलाएका छन् । विभागको सर्भर सुरक्षित रहेकाले श्रम स्वीकृतिको काममा समस्या छैन ।

महानिर्देशक भट्टराईले मुलुकमा उत्पन्न विषम परिस्थितिका कारण अन्य क्षेत्रमा जस्तै विभागबाट प्रदान हुने सेवा प्रवाहमा जटिलता देखिएको बताए । अवस्था सामान्य नभएसम्म कर्मचारीले घरबाटै सेवा प्रवाह गर्ने छन् ।

महानिर्देशक भट्टराईले सम्भव भएसम्म घरबाटै अनलाइन सेवा प्रदान गर्न कर्मचारीलाई निर्देशन दिएको बताए । विभागले श्रम स्वीकृति, उजुरी दर्ता, नयाँ म्यानपावर कम्पनी दर्ता तथा खारेजी, उजुरी दर्ता, राहत, उद्धार, मेलमिलाप तथा अनुसन्धान एवं अभियोजनको काम गर्दै आएको छ ।

## वैदेशिक रोजगारमा जानेहरू प्रभावित

**काठमाडौं/मस-** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल खुला भएपनि वैदेशिक रोजगारमा जानेहरूको उडान सुरु हुन सकेको छैन । बिहीबार यसअघि टिकट लिएकाहरूको फाट्टफुट्ट उडान सुरु भएको छ ।

राजधानीमा निषेधाज्ञाको आदेश जारी भएकाले अधिकांश म्यानपावर कम्पनी बुधबार बन्द रहे । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले स्थिति सामान्य भएको अवस्थामा शुक्रबारदेखि नेपाली कामदार वैदेशिक रोजगारमा जानसक्ने आंकलन गरेका छन् ।

विमानस्थल बन्द भएसँगै नयाँ र पुनः श्रम स्वीकृतिका माध्यमबाट दैनिक २५ सयको हाराहारीमा वैदेशिक रोजगारीमा जाने कामदार प्रभावित भएका छन् । वैदेशिक रोजगार व्यवसायीहरूले नेपालमा उत्पन्न विषम परिस्थितिका कारण अन्तर्राष्ट्रिय विमानस्थल बन्द रहेको विषय रोजगारदाताहरूले जानकारी पाएका कारण तत्काल कामदार पठाउन दबाब नदिएको बताएका छन् ।

तर नेपालको विषम अवस्था यथावत रहे राजेगारदाताले छिटो कामदार पठाउन दबाब दिने र पठाउन नसकेको अवस्थामा कम्पनीसँगको सम्बन्ध बिग्रिने विषयले भने व्यवसायीमा तनाव देखिएको छ । राजधानीमा आगजनी र दंगा भड्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नेताहरू भाग्नसक्ने भन्दै आन्दोलनकारीहरूले दबाब दिएपछि मंगलबार अपराह्नदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बन्द गरिएको थियो ।

विमानस्थल कार्यालयले अर्को सूचना जारी नभएसम्म विमानस्थल खुल्ने समय निश्चित भएको अवस्थामा विमानस्थल सञ्चालक समितिको बैठकले दिउँसो विमानस्थलमा उडान सुरु गर्ने निर्णय गरेको थियो ।

यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उडान अवतरण मार्गमा देखिएको धुँवालगायतले विमानको सुरक्षामा गम्भीर असर पर्न सक्ने देखिएको भन्दै विमानस्थल कार्यालयले अर्को सूचना जारी नभएसम्म विमानस्थल बन्द रहेको बताएको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आन्तरिकतर्फ १२ हेलिकप्टर कम्पनीसहित २१ वायुसेवा कम्पनी र अन्तरराष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई कम्पनीले उडान भर्दै आएका छन् ।

मध्यान्ह
www.madhyanhadaily.com
२६ भदौ २०८२ बिहीबार
11 September 2025 Thursday


काठमाडौं नयाँ बानेश्वरस्थित संसद भवन अगाडि सरसफाइ गर्दै युवाहरु । जेनजीको प्रदर्शनका क्रममा सो स्थानमा तोडफोड र आगजनी भएको थियो । तस्बिर/मध्यान्ह

### तोडफोड र आगजनीपछि सिंहदरबार

# अधिकांश मन्त्रालयका महत्वपूर्ण संरचनामा क्षति, उपकरण लुटपाट

काठमाडौं/मस-भ्रष्टाचार नियन्त्रण, सामाजिक सञ्जालको निर्वाध सञ्चालन र युवा नेतृत्वका लागि जेनजी पुस्ताले आह्वान गरेको प्रदर्शनका क्रममा मुलुकले ठुलो भौतिक क्षति व्यहोर्नुपरेको छ। नयाँ बानेश्वरस्थित निषेधित क्षेत्र तोड्ने क्रममा सोमबार भएको झडपमा ठुलो मानवीय क्षति भएसँगै मंगलबार प्रदर्शनले उग्ररूप लिएको थियो ।



त्यसक्रममा देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारसहित देशभरका महत्त्वपूर्ण संरचनामा अपुरणीय क्षति भएको छ। गोरखा भूकम्पपछि भर्खरै पुन:निर्माण सम्पन्न भएको सिंहदरबारस्थित पुरातात्विक महत्त्वको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकांश भाग जलेर नष्ट भएका छन् । आगजनी भएको २४ घण्टासम्म पनि सिंहदरबारभित्रका अधिकांश मन्त्रालयका भवनबाट धुँवा आइरहेको छ । गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, अर्थ, शिक्षा विज्ञान तथा प्रविधि, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बढी प्रभावित भएको देखिन्छ । यस्तै सिंहदरबारस्थित नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलको कार्यालय पूर्णरूपमा क्षति भएको छ ।

सिंहदरबाभित्र पार्किङ गरिएका करिब एक हजार सवारी साधनमा आगजनी र तोडफोड भएको छ। आन्दोलनकारीले मन्त्रालयका कम्प्युटर, प्रिन्टर, ल्यापटप, कुर्सीलगायत महत्त्वपूर्ण सामग्री तोडफोड र लुटपाटसमेत भएको सम्बन्धित मन्त्रालयका कर्मचारीले जनाएका छन्। यसबाट राज्यलाई अरबौंको क्षति भएको अनुमान गर्न सकिन्छ ।

प्रदर्शनकारीले राष्ट्रिय अनुसन्धान विभाग, केन्द्रीय क्यान्टिन, दूग्ध विकास संस्थानको बिक्री केन्द्रमा पनि लुटपाट, तोडफोड र आगजनी गरेका छन् । आन्दोलनकारीबाट भएको आजगनीबाट मन्त्रालयमा रहेका राज्य सञ्चालनसम्बन्धी महत्वपूर्ण कागजात छरपस्ट भएको देखिन्छ।

प्रदर्शनकारीको आक्रमणको निशानामा परेको प्रमुख प्रशासकीय केन्द्र बुधबार सुनसान प्राय: रह्यो । सिंहदरबार परिसर बाहिर रहेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय पनि आगजनीबाट पूर्णरुपमा ध्वस्त भएको छ। त्यहाँ आगजनीबाट कार्यालय भवन, आवास, अत्यावश्यक रासन, करिब चार सयभन्दा बढी सवारी साधन र करिब दुई लाखभन्दा बढी सवारी चालक अनुमतिपत्र जलेर पूर्णरूपमा नष्ट भएको कार्यालयले जनाएको छ । आगजनीबाट मेट्रो ट्राफिक एफएम स्टेसन र भवनमा पनि ठूलो क्षति पुगेको देखिन्छ ।

यसैगरी मुलुकको न्याय प्रशासनको प्रमुख केन्द्र 'सर्वोच्च अदालत' पनि आगजनीबाट क्षति भएको छ । आगलागीबाट त्यहाँ रहेका महत्त्वपूर्ण अभिलेख, फैसला, मिसिल र कागजातलगायत उपकरण र भौतिक संरचना नष्ट भएको अदालत प्रशासनले जनाएको छ। आगजनी नियन्त्रण र क्षति भएका भौतिक संरचनाको व्यवस्थापन तथा सरसफाइको काम सुरु भएको छ ।

जेनजी पुस्ताको पूर्वनिर्धारित कार्यक्रमअनुसार आज आन्दोलनका क्रममा भएको फोहर व्यवस्थापनको काममा स्वत:स्फूर्त रूपमा नागरिक पनि खटिइएका छन् ।

# बाँकेको बाल सुधारगृहमा झडप, पाँचजनाको मृत्यु



**नेपालगञ्ज/मस–** नौवस्तास्थित बाल सुधारगृहमा झडप हुँदा पाँच जनाको मृत्यु भएको छ भने अन्य सात जना घाइते भएका छन् ।

नौवस्ता कारागारका प्रमुख जालन्धर भुसालका अनुसार बालबिज्याईकर्ता गेट फोरेर बाहिर निस्कन खोज्दा भएको झडपमा उनीहरुको मृत्यु भएको हो। कारागारमा रहेका ५ सय ८५ मध्ये १ सय ४९ जना र बालसुधार गृहबाट ७६ जना भागेको उल्लेख गर्दै बालबिज्याईकर्ता र थुनुवालाई एकै ठाउँमा राखेका कारण यो अवस्था सृजना भएको हो ।

झडपमा घाइते भएकाहरुलाई नेपालगञ्जस्थित भेरी अस्पताल ल्याइएको थियो। ती घाइतेमध्ये पाँच जनाको उपचारको क्रममा मृत्यु भएको हो । अन्य घाइतेको जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा उपचार भइरहेको छ ।

## गहिरियो...

एवं वरिष्ठ अधिवक्ता गोबिन्द बन्दी राष्ट्रपतिलाई कार्यालयमा सुरक्षित राखेर उनकै पहलमा अघि बढ्नुपर्ने बताउँछन् । 'पहिलो कुरा त राष्ट्रपतिलाई कार्यालयमा ल्याएर राख्ने व्यवस्था मिलाएर उहाँबाटै राजनीतिक दलहरु, आन्दोलनकारी र सम्बद्ध सरोकारवालाहरूलाई बोलाएर वैकल्पिक सरकारको प्रकृया अघि बढाउनुपर्छ', उनले मध्यान्हसँग भने 'जग बिर्सिएर सरकारको परिकल्पना गर्नु हुँदैन्, किनभने यो बच्चाको खेल होइन । संविधानसम्मत जानु नै उत्तम विकल्प हो। त्यसका लागी नेपाली सेनाले राष्ट्रपतिलाई सहजीकरण गर्नु पर्दछ ।'

सेनाले सहजीकरण गर्न बोलाएर जेन-जीको तर्फबाट वार्ताका लागि सैनिक मुख्यालयमा पुगेकी रक्षा बमले प्रधानसेनापतिले राष्ट्रपतिसँग भेट्न बोलाएर दुर्गा प्रसाईं र रास्वपा समूहसँग वार्तामा बस्नुस् भनेपछि बहिष्कार गरेको बताएकी छन् । सामाजिक सञ्जालमा लेख्दै उनले भनेकी छिन्, 'राष्ट्रपतिसँग भेट्न बोलाएर दुर्गा प्रसाईं र रास्वपा समूहसँग वार्तामा बस्नुस्, उहाँहरू पनि स्टेकहोल्डर हो भनेर स्वयम् प्रधानसेनापतिले भनेपछि जेन-जी आन्दोलनका क्रममा भएको बलिदान र युगान्तकारी परिवर्तनको यात्रा तुहिने भएकाले हामी त्यस प्रस्तावलाई अस्वीकार गर्दै नेपाली सेनाको मुख्यालयबाट बाहिरिएर प्रदर्शनकारी जेनजी समूहसँग छलफलका निम्ति तयारी गरिरहेका छौं ।'

जंगीअड्डामा भएको जेनजी प्रतिनिधिको बैठकमा पूर्वप्रधानन्यायाधीश शुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनाउन प्रस्ताव आएकोसमेत बताइएको छ । सेनाका एक उच्च अधिकृतले भने, 'जेनजी समुहले पूर्वप्रधानन्यायाधीश सुशिला कार्कीको नाम ल्याएको छ । अर्को समूहसँग समेत कुरा भइरहेको छ।' सेनाले यो विषयमा पूर्वप्रधानन्यायाधीश कार्कीसँग समेत संवाद गर्ने जनाएको छ । बुधबार दिनभर जेन-जी युवाले भर्चुअल छलफलसमेत गरेका छन्। त्यस क्रममा कार्की, काठमाडौंका मेयर बालेन शाह, कुलमान घिसिङदेखि सागर ढकालसम्मको नाम छलफलमा आएको छ । बहुसंख्यकले कार्कीलाई अन्तरिम सरकार प्रमुख र बालेनलाई चुनावपछि प्रत्येक्ष कार्यकारी प्रधानमन्त्री बनाउनुपर्ने भनेका छन् ।

पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठ आन्दोलनकारीहरु सबैभन्दा पहिले संविधान मान्ने कि नमान्ने प्रष्ट हुनुपर्ने बताउँछन् । संविधानभित्रै समाधान खोज्ने हो भने गैरसांसद् प्रधानमन्त्री बन्न र संसद् विघटन गर्न नमिल्ने उल्लेख गर्दै उनी भन्छन्, 'लोकतान्त्रिक गणतन्त्रबारे उहाँहरुको प्रतिबद्धता के हो, त्यसका आधारमा बल्ल निकासको छलफल गर्नु उपयुक्त हुन्छ ।'

अहिलेकै संविधानभित्रबाट गैरसांसदलाई प्रधानमन्त्री बनाउनभने कानुनी अप्ठेराहरु छन् । त्यसमाथि बालेनलगायत कतिपयले संसद् विघटनलाई पहिलो सर्त बनाएका छन् । संवैधानिक राष्ट्रपतिले सिधै संसद् विघटन गर्नसमेत मिल्ने स्थिति छैन । यस्तोमा संविधानको मर्म र भावनाभन्दा धेरै पर नपुगेर सबै पक्षलाई सहज हुनेगरी निकास निकाल्नु उपयुक्त हुन्छ । संक्रमणकाल लम्ब्याउँदै जाँदा संवैधानिकसँगै राजनीतिक संकटसमेत गहिरिने बताउँछन्, वरिष्ठ अधिवक्ता सिताराम केसी । 'नेपाली समाजले आशा र विश्वास गरेका व्यक्तिको नेतृत्वमा नागरिक सरकार बनाउने र उक्त सरकारमा सरोकारवाला पक्षहरुको सहभागिता गराउनुपर्छ', उनले भने, 'सोही नागरिक सरकारले सक्दो छिटो संक्रमणकालीन अवस्था पार लगाएर मुलुकलाई नियमित प्रक्रियामा फर्काउनुपर्नेछ ।'

२०६२/६३ को जनआन्दोलनपछि सरकार गठन र प्रतिनिधिसभा पुनर्स्थापनापछि यस्तै संवैधानिक अन्योल थियो । जनआन्दोलनको बलमा प्रतिनिधिसभा पुनर्स्थापित भएपछि त्यसमा शान्ति प्रक्रियामा आएको नेकपा माओवादीलाई पनि सहभागी गराएर महत्वपूर्ण घोषणा गरिएको थियो ।

मुलुकको संविधानले परिकल्पना नै नगरेको माग सम्बोधन गर्नुपर्ने अवस्था आएमा संवैधानिक परिस्थिति थप संक्रमणतिर जाने वरिष्ठ अधिवक्ता डा. चन्द्रमणी ज्ञवालीले बताउँछन् । 'संसद नै विघटन हुने अवस्थामा राजनीतिक परिस्थिति थप जटिल हुने देखिन्छ', उनले भनेका छन, 'त्यस्तो अवस्थामा राष्ट्रपतिले सर्वदलीय सहमतिका आधारमा निकास खोज्न सक्नुपर्छ । राष्ट्रपतिले नियुक्ति गरेपछि नमिल्ने हुँदैन । हिजो पनि आन्दोलन र त्यसका उपलब्धीका जगमा कैयौं काम भएका थिए ।'

जेनजीको आन्दोदनबाट शासन सत्ता कब्जा भएको भोलिपल्ट राजनीतिक दलका नेताहरूले समेत आफ्नो वक्तव्य सार्वजनिक गर्दै संयम, संवाद र एकताले शान्ति समाधान पहिल्याउन अपिल गरेका छन् । 'दुई दिनमा भएका घटनाक्रमपछि देशलाई शान्ति र पुनर्निर्माणको दिशामा अघि बढाउन हामी सबै पक्षले संयम र एकता साथ प्रस्तुत हुन जरुरी छ', नेपाली कांग्रेसका माहमन्त्रीद्धय गगन थापा र विश्वप्रकाश शर्माले भनेका छन, 'मुलुकको सार्थकहित चाहने, शान्ति, सुशासन र समुन्नतिको मार्गमा हिँड्न चाहने सबैमा नेपाली कांग्रेस हार्दिक आह्वान गर्दछ ।'

त्यस्तै एमाले महासचिव शंकर पोखरेलले प्रधानमन्त्रीको राजिनामापछिको राजनीतिक निकास संविधानसम्मत र लोकतान्त्रिक विधिबाट खोजिनुपर्ने बताएका छन्। त्यसका लागि सार्थक संवाद सुरु गर्न एवं परिणाममुखी संवादकै माध्यमबाट सुशासन, सहज सेवा प्रवाह र तीव्र विकासको आकाङ्क्षालगायतका युवा पुस्ताका मागलाई संविधानसम्मत रुपमा संवोधन गर्न आवश्यक पहलका लागि राष्ट्रपतिको ध्यानाकर्षण गराएका छन् । उनले भनेका छन्, 'लोकतान्त्रिक गणतन्त्र र बहुदलीय प्रतिष्पर्धात्मक प्रणालीलाई कुनै पनि अर्थमा कमजोर गर्नु हुँदैन र समाधानका प्रत्येक प्रयाशले लोकतन्त्रलाई थप सुदृढ गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ ।'

आन्दोलनकारीले मुलुकका व्यवस्थापिका, कार्यपालिका र न्याय पालिका तीन वटै निकाय ध्वस्त पारेका पारेसँगै देशमा सन्नटा छाएको छ । नेतृत्वको शुन्यताकाकाबीच नेपाली सेनाले देश र जनताको सुरक्षाको जिम्मा लिएको छ । बैकल्पीक सरकारको प्रकृया अघि नबढुन्जेल सेनाले जिम्मा लिनु संविधान र सार्वभौम मुलुकप्रतिको जिम्मेवारी हो । तर, सरकार बनाउने विषयमा सेनाले विभिन्न चरणमा छलफल अघि बढाउँदैगर्दा फरक फरक व्यक्ति र प्रकृयाको विषयले स्थान पाएको छ।

सेनासँगको वार्तामा गएका जेनजी पुस्ताले वार्ताको संयोजक समेत छान्न सकेका छैनन् । युवाहरूले नेतृत्व छान्ने विषयमा विवाद बढेसँगै उनीहरूबीच पनि दुईधारमा विभाजन भएको छ । तर, युवाहरूले गरेको आन्दोलनको भावना विभाजन नभए युवाकै नेतृत्वमा नयाँ सरकार हो । यो विषयमा जिम्मेवार ढंगले युवाहरू अघि बढ्न सक्नुपर्ने आन्दोलनको अग्रभागमा खटिएका युवा रविकिरण हमालले बताए। उनले भने 'हाम्रो आन्दोलन विभाजन नभई युवाहरूकै नेतृत्वमा आगामी अन्तरिम सरकार हो । तर, आन्दोलनको स्प्रिडलाई बङ्ग्याउन विभिन्न शक्तिहरू लागेको देखिन्छ । यसले जेनजी आन्दोलनको औचित्यमाथि प्रश्न उठ्छ ।' जेनजी पुस्तासमेतको संलग्नतामा बन्ने भनिएको अन्तरिम सरकारको नेतृत्व कसले गर्ने भन्ने बुधबार अबेरसम्म निक्यौल भइसकेको छैन। यद्यपी राजनीतिक दलबाहिर स्वतन्त्र व्यक्तिबाट विकल्पको खोजी भइरहेको देखिन्छ। सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले विद्यमान अवस्थालाई थप जटिल हुन नदिन सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम राख्न सबै पक्षलाई आग्रह गरेको छ ।

## जेनजीमा...

भावी प्रधानमन्त्रीमा इच्छा मेयर साम्पाङ बुधबार नै धरानबाट काठमाडौं आएर सिधै जंगीअड्डा पुगेका थिए ।जेनजीहरुले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई सिफारिस गर्ने संकेत गरेपछि साम्पाङले आफ्ना समर्थकहरुलाई जंगी अड्डा बाहिर उतारेर होहल्ला मञ्चाएका छन् । उनीहरूले जंगी अड्डा बाहिर गेटमा होहल्ला र नारावाजी गरेपछि सेनाले माइकिङ गरेर अर्कोदिन आउन भनेको छ । यी घटनाले जेनजी पुस्ताको एजेण्डा र उनिहरूको माग सम्बोधन हुने विषय ओझेलमा परेका भन्दै आन्दोलनमा खटिएका युवाहरूले आपत्ति जनाएका छन् । एक भएर आन्दोलनबाट सत्ता परिवर्तन गरेका जेनजीहरू रवि लामिछाने, हर्क साम्पाङ, बालेन साह, दुर्गा प्रसाई, सुशिला कार्की, कुलमान घिसिङका नाममा विभाजित भएपछि उनिहरूको मुद्दा तुहिने अवस्थामा पुगेको छ। अभियान्ताबाट नेता हुने लाइनमा रहेका उल्लेखित व्यक्तिहरूबीच नेतृत्वको लागी तँछाड मछाड गर्दै एक अर्काप्रति आरोप प्रत्यारोपमा उत्रिन थालेका छन् ।

## सच्चिने...

गर्ने उनको आग्रह रहेको छ । एमालेका महासचिव शंकर पोखरेल र सचिव प्रदीप ज्ञवालीले समेत पार्टीमा नयाँ ढंगको निर्णय आवश्यक रहेको भनेर सच्चिएर अगाडि बढ्ने संकल्प गर्नुपर्ने संकेत गरेका छन् ।

नेपाली कांग्रेसभित्र समेत नेतृत्वको विषयमा नयाँ ढंगले अगाडि बढ्नुपर्ने र यसका निम्ति सच्चिएर अगाडि बढ्नुपर्ने संकल्पको खोजी भएको छ। कांग्रेसका महामन्त्रीद्धय गगन थापा र विश्वप्रकाश शर्माले अपिल नै जारी गरेर सकेसम्म संविधान र वैधानिक बाटोबाटै वर्तमान परिस्थितिको निकास निकाल्नुपर्ने बताएका छन् ।

महामन्त्रीद्वयले अपिलमा भनेका छन्, 'विश्वास दिलाउन चाहन्छौं- गम्भीर आत्मसमीक्षा एवं आत्मशोधन गर्दै नवीन र चुनौतीपूर्ण परिस्थितिकै बीचबाट हामी फेरी नयाँ ढंगबाट अगाडि बढ्नेछौं र समुन्नतिको यात्रालाई सम्हाल्ने छौं ।'

जेनजी पुस्ताको भावना बमोजिम राष्ट्रिय राजनीतिबारे ठोस निष्कर्ष निकाल्नुपर्नेमा जोड दिँदै अगाडि भनिएको छ, 'आवश्यकताको सिद्धान्त' बमोजिम हुने निर्णयलाई पनि संविधान बमोजिम वैधानिक बाटोबाट नै अगाडिको यात्रा तय गर्न सकिन्छ र गर्नुपर्छ ।'

भन्ने कुराको स्मरण गराउन चाहन्छौं । विधि विहीनताले थप अराजकता निम्त्याउँछ त्यसैले वार्ताका क्रममा राष्ट्रपतिज्यू र जेनजी पक्षलाई हामी आग्रह गर्छौं- अब देश चलाउन र निर्वाचन गर्न नयाँ राजनीतिक संरचना बनाउँदा देशमा लामो संवैधानिक रिक्तता र शून्यता आउन नदिन हरसम्भव वैधानिक उपाय अपनाइयोस्, संविधान र लोकतान्त्रिक बाटोबाट नै समाधान खोज्दै यो बेथितिको अन्त्यको मार्गचित्र तय गरियोस् । त्यसमा हाम्रो समर्थन रहनेछ ।'

गत सोमबार भएको मानवीय क्षतिले दिएको चोटमाथि मंगलबारका घटनाहरुले थप पीडा थप्न पुगेको भएता पनि जेनजीको मागअनुसार अगाडि अगाडि बढ्नुपर्नेमा उनीहरूको जोड रहेको छ। अगाडि थपिएको छ, 'शान्तिपूर्ण प्रदर्शन मार्फत दबाब सिर्जना गराएर आफ्ना माग पूरा गराउने नयाँ पुस्ताको उद्घोष विल्कुलै जायज थियो ।'

# 'संविधानभित्रबाट समाधान खोज्नुपर्छ'

**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का वरिष्ठ नेता एवं राष्ट्रियसभा सदस्य वामदेव गौतमले देशमा उत्पन्न राजनीतिक समस्याको समाधान गर्न संविधानलाई नै मार्गदर्शकका रूपमा लिनुपर्ने बताएका छन् ।



एक सन्देश जारी गर्दै राज्यका सबै संरचना अस्तव्यस्त भएको अहिलेको अवस्थामा संविधानभन्दा बाहिरबाट खोजिने समाधान दीर्घकालीन हुन नसक्ने उल्लेख गरे।

राजनीतिक पार्टी अहिले उपरोक्त राज्यशक्तिभन्दा पछाडि परेको जटिल अवस्थाबाट देशलाई आवश्यक दिशानिर्देश गर्ने मुख्यत: नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र निजामती कर्मचारीको जिम्मेवारी भएको उल्लेख गर्दै नेता गौतमले नेपाली भूमिको रक्षा, जनताको रक्षा, आफ्नो सार्वभौमिकताको रक्षाका निम्ति आग्रह गरे ।

मुलुकको राष्ट्रिय अखण्डता, राष्ट्रिय एकता तथा सामाजिक सद्भाव कायम गर्न सबै संवेदनशील हुनुपर्नेमा जोड दिँदै उनले भने, 'जब राज्य कमजोर हुन्छ सबै आधार कमजोर हुन्छन्, त्यस्तो अवस्थामा कि राज्य टुक्रिन्छ कि देश विदेशीको कब्जामा जान्छ ।'

नेता गौतमले जनताको आर्थिक विकास तथा समृद्धिको चाहना तथा ऐतिहासिक जिम्मेवारी पूरा गर्न सम्बन्धित निकायले ढिलासुस्ती गर्न नहुने बताए ।

# परिस्थितिलाई सहज तुल्याऔं : पूर्वअध्यक्ष रेग्मी

**काठमाडौं/मस–** मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले मुलुकमा विकसित पछिल्लो परिस्थितिलाई सहज तुल्याउँदै राष्ट्रिय सम्पति, सम्पदा र परम्परामा आधारित मूल्य-मान्यताको संरक्षणमा ध्यान पुऱ्याउन आह्वान गरेका छन् ।



देशको पछिल्लो घटनाबारे संक्षिप्त प्रतिक्रिया दिँदै उनले युवा पुस्तालगायत आम नागरिकले शान्तिपूर्ण आन्दोलनमार्फत आफ्ना माग, मुद्दा र असन्तुष्टि राख्न पाउनु लोकतान्त्रिक प्रक्रिया भएको बताए । पूर्वअध्यक्ष रेग्मीले भने, 'आन्दोलनलाई मर्यादित र शान्तिपूर्ण रूपमा गरिनुपर्छ। नेपाल र नेपालीको पहिचानकारूपमा इतिहासदेखि रहेका महत्त्वपूर्ण सम्पदा र धरोहरलाई हानी नोक्सानी पुऱ्याउनु हुन्न, संरक्षणमा ध्यान पुऱ्याउनुपर्छ, यी हाम्रा महत्त्वपूर्ण नीधि हुन् ।'

उनले आन्दोलनका क्रममा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गरे । साथै उनीहरूको परिवारजनप्रति समवेदना प्रकट गर्नुका साथै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरेका थिए।

# सीमानाका आवातजावतमा कडाइ

**सुदूरपश्चिम/मस–** नेपालको पछिल्लो अवस्थालाई ध्यानमा राखी सुदूरपश्चिम प्रदेशका सीमानाकामा आवातजावतमा कडाइ गरिएको छ ।



प्रदेशका मुख्य गौरीफन्टा र गड्डाचौकी सीमानाकामा आवतजावतमा भारतीय सीमासुरक्षा बल (एसएसबी)ले कडाइ गरेको हो ।

भारतको आधारकार्ड भएका नागरिकलाई मात्र भारत प्रवेश गर्न दिइएको त्रिनगर प्रहरी चौकीले जानकारी दिएको छ । भारतबाट नेपाल भित्रिने नेपालीलाई भने आवतजावतमा रोक लगाइएको छैन । कञ्चनपुरको गड्डाचौकी नाकामा पनि आवतजावतमा कडाइ गरिएको स्थानीय पुष्कर भट्टले बताए । उनले भने, 'नेपाल फर्किनेलाई दिएको छ, भारत जान चाहनेलाई जान दिइएको छैन ।' उपचारमा जाने बिरामीलाई भने भारततर्फ जान दिइएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com



## सर्वोच्च अदालतमा सुनुवाइ स्थगन

# २५ हजार मुद्दाका मिसिल नष्ट डाटा सेन्टर पनि ध्वस्त

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ भदौ

सर्वोच्च अदालतले अर्को सूचना जारी नहुँदासम्मका लागि सुनुवाइका क्रममा अदालतमा रहेका मुद्दाका पेसी स्थगन गरेको छ।

सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार विमल पौडेलले आज जारी गरेको सूचनामा अब अर्को सूचना नभाएसम्मका लागि पेसीमा राखिएका मुद्दाहरू स्थगित गरिएको उल्लेख छ।

'मिति २०८२/५/२४ गते भएको आगजनीका कारण सर्वोच्च अदालतमा रहेका मुद्दाका मिसिल, सर्भर, इजलाससमेत जलेर नष्ट भएको हुदाँ आजका लागि तोकिएका मुद्दाको पेसी स्थगित गरिएको छ', सूचनामा भनिएको छ, 'भोलिदेखिका पेसीमा रहेका मुद्दाहरूको सुनुवाइ अर्को सूचना नभाएसम्मका लागि स्थगित गरिएको व्यहोरासमेत जानकारीका लागि अनुरोध छ। यसबाट सर्वसाधरण सेवाग्राहीमा पर्न गएको असुविधाका लागि सर्वोच्च अदालत दुःख व्यक्त गर्दछ।'



'जेनजी' पुस्ताको प्रदर्शनका क्रममा मंगलबार सर्वोच्च अदालतमा समेत आगजनी भएको थियो।

**२५ हजार मुद्दाका मिसिल नष्ट**

सर्वोच्च अदालतमा भएको आगजनीले २५ हजारभन्दा बढी मुद्दाका मिसिलहरू जलेर नष्ट भएका छन्।

यसले मुद्दाको सुनवाइदेखि फैसलासम्म प्रभाव पर्ने भएको छ। अदालतको एनेक्स भवनको भुईंतलामा रहेको अभिलेख शाखादेखि कानुन पत्रिकाको प्रकाशन विभागमा पनि आगजनी भएको छ।

सर्वोच्च मात्रै होइन, हेटौँडास्थित डाटा सेन्टरमा समेत तोडफोड भएको छ। डाटाको ब्याकअप राखिएको स्थानमा पनि आगजनी हुँदा सर्वोच्च अदालतको वेबसाइट 'डाउन' हुन पुगेको छ।

आईटी कक्षमा प्रवेश गरेर आगजनी गरेपछि अदालतले फाइलहरू सुरक्षित गर्ने स्थानसमेत ध्वस्त भएको छ।

अदालत प्रवेश गरेलगत्तै प्रदर्शनकारीले कागजातहरू जम्मा गरी आगो लगाएको बताइएको छ। उनीहरूले त्यही क्रममा श्रीयन्त्र र आँखीझ्याल पनि जलाएका थिए।

त्यसैगरी, प्रधानन्यायाधीश, मुख्य रजिस्टारलगायतका कार्यकक्षमा पनि आगजनी भएको छ। न्यायाधीशहरूले तयार पारेका कैयौँ फैसलाको अभिलेख पनि कम्प्युटरसँगै नष्ट भएको बताइएको छ।

# लुटिएका हतियार अविलम्ब फिर्ता गर्न सेनाको अनुरोध



**काठमाडौं/मस-** नेपाली सेनाले जेनजी नेतृत्वको आन्दोलनका क्रममा सुरक्षाकर्मीबाट लुटिएका हतियार तथा गोलीगट्ठा सुरक्षा निकायलाई अविलम्ब फिर्ता गर्न अनुरोध गरेको छ।

सैनिक तथा जनसम्पर्क निर्देशनालयले एक विज्ञप्ति जारी गर्दै प्रदर्शनको क्रममा लुटिएका हातहतियार, गोलीगट्ठा तथा सुरक्षा सामग्री सुरक्षा निकायलाई बुझाउन अनुरोध गरेको हो।

हतियारको दुरूपयोग भएमा जनधनको क्षति समेत हुनसक्ने जनाउँदै सेनाले कसैसँग फेला पारेमा कानुन अनुसार कारबाही हुने चेतावनी दिएको छ। साथै विज्ञप्तिमा सुरक्षा निकायका पोशाकहरू पनि अनाधिकृत रूपमा प्रयोग नगर्न अनुरोध गरिएको छ। यसैबीच देशभर उत्पन्न विषम परिस्थितिको अनुचित फाइदा उठाउँदै भइरहेको लुटपाट, आगजनी र अराजक गतिविधि नियन्त्रणका लागि नेपाली सेना तथा अन्य सुरक्षा निकाय परिचालन भएपछि ठुला मात्रामा हतियार, नगद र संलग्न व्यक्तिहरु पक्राउ परेका छन्। महाराजगञ्ज क्षेत्रबाट लुटपाटमा संलग्न ४ जना पक्राउ परेका छन्। उनीहरुसँगै ७ नाल हतियार, म्यागजिन, गोली, व्युनेट र अन्य व्यक्तिगत सामग्री बरामद गरिएको छ। त्यस्तै, विशेष सूचनाका आधारमा बालाजु माछापोखरीबाट थप १ नाल हतियार बरामद भएको छ। हालसम्म जम्मा ७३ नाल हतियार बरामद भएको सेना मुख्यालयले जनाएको छ। काभ्रे धुलिखेल जिल्ला कारागारमा कैदीबन्दी र प्रहरीबीच भएको झडप नियन्त्रणमा आएको छ भने डिल्लीबजार कारागारमा लागेको आगो सेनासहितका निकायको प्रयासमा निभाइएको छ।

यसैबीच, विभिन्न जिल्लाबाट भागेका कैदीबन्दीमध्ये सप्तरीमा ४, सुनसरीमा २ सय २, रुकुम पश्चिममा ४३, कपिलवस्तुमा ५० र म्याग्दीमा ४ जना पक्राउ परेका छन्। डडेलधुराबाट भागेका २६ जनालाई समेत नियन्त्रणमा लिइएको छ।

यस अवधिमा, काठमाडौंको डिल्लीबजार-नारायणथान क्षेत्रमा संलग्न व्यक्तिहरुले छाडेर भागेको नेपाली रुपैयाँ २ लाख ३२ हजार ५ सय र अमेरिकी डलर २५ सय बरामद भएको छ। सुरक्षाकर्मीबाट लुटिएका थप १ नालसहित हालसम्म ३२ नाल हतियार पुनः फिर्ता गरिएको छ। यस्तै काठमाडौंको गौशाला-चाबहिल-बौद्ध क्षेत्रमा संलग्न व्यक्तिबाट ३३ लाख ७० हजार रुपैयाँ बरामद भएको छ। त्यस्तै, काठमाडौंका विभिन्न स्थानबाट २३ नाल र पोखराबाट ८ नाल गरी ३१ नाल हतियारसहित म्यागजिन र गोली बरामद गरिएको छ।

# स्थितिलाई सामान्य बनाउन सबै पक्षलाई आयोगको आग्रह




**काठमाडौं/मस-** राष्ट्रिय मानवअधिकार आयोगले स्थितिलाई सामान्य बनाउन सबै पक्षलाई आग्रह गरेको छ।

आयोगका प्रवक्ता डा.टीकाराम पोखरेलले विज्ञप्ति जारी गर्दै संकटको यस घडीमा स्थितिलाई सामान्य बनाउन राज्यका सबै निकाय र आमनागरिकको सकारात्मक र सक्रिय भूमिका आवश्यक भएकाले सबैले आआफ्नो भूमिका निर्वाह गर्न आयोगले आग्रह गरेको बताए।

आयोगले वर्तमान अन्योलताबाट देशले यथाशीघ्र राजनीतिक निकास पाउनुपर्ने बताए।

'लोकतन्त्रको विकल्प लोकतन्त्र मात्र हुन सक्दछ भन्ने कुरामा आयोग दृढ छ। अतःजनताका हकअधिकारलाई थप मजबुत र सुरक्षित बनाउँदै लोकतान्त्रिक विधि र प्रक्रियाबाट नै वर्तमान अन्योलताबाट देशले यथाशीघ्र राजनीतिक निकास पाउनु पर्दछ', आयोगले भनेको छ।

आयोगले देश विषम अवस्थामा रहेको वर्तमान सन्दर्भमा सबैपक्ष संयमित हुनु पनि आग्रह गरेको छ।

'विगत दुई दिनमा घटेका हिंसात्मक कार्य, आगजनी र तोडफोडले देशको ठूलो जनधनको क्षति भएको दुःखद् घटनाप्रति सबैको चिन्ता हुनु स्वाभाविकै हो। अब यसप्रकारका घटना हुने छैनन् भन्ने कुरामा विश्वस्त हुँदै कोही कसैले पनि हिंसात्मक कार्य नगर्न नगराउन हुन आयोग सबैमा आह्वान गर्दछ', आयोगले अगाडि भनेको छ।

आयोगले सम्बद्ध सबै पक्षले देश र जनताप्रतिको जिम्मेवारी मनन गर्दै वर्तमान अन्योलताको अवस्थाबाट अगाडि बढ्नु आवश्यक रहेको भन्दै यसका लागि राष्ट्रिय मानव अधिकार आयोग आवश्यक भूमिका निर्वाह गर्न सदैव तत्पर रहेको बताएको छ।

आयोगका प्रवक्ता डा.पोखरेलले काठमाडौंलगायत देशका विभिन्न भागमा भदौ २३ र २४ गते भएको जेनजी पुस्ताको प्रदर्शन र त्यसपछिको उत्पन्न अवस्थाका सम्बन्धमा आयोगले अनुगमनलाई निरन्तरता दिएको जनाएको छ।

उनले देशका विभिन्न सहरमा भएको दुई दिनको प्रदर्शनपश्चात् लागेको निषेधाज्ञाको समयमा समग्र मानवअधिकारको स्थिति एवं मृतकका परिवार र घाइतेहरूको अवस्था बुझ्ने कार्यलाई आयोगले आजपनि निरन्तरता दिएको जनाए।

# धादिङ कारागारमा सेनाको गोली लागेर एक जनाको मृत्यु, सात कैदीबन्दी घाइते



**धादिङ/मस-** जिल्ला कारागार धादिङका कैदीबन्दी भाग्न खोजेपछि नेपाली सेनाले गोली चलाएको छ।

सेनाको गोली लागेर अन्दाजी ७५ वर्षीय एक कैदीको मृत्यु भएको छ। सात कैदीबन्दी घाइते भएका छन्। घाइते हुनेहरु सबै पुरुष छन्। प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीका अनुसार कैदीबन्दीले सुरक्षा घेरा तोडेर निस्किन थालेपछि सेनाले गोली चलाएको हो। घटनामा जनपथ र सशस्त्र प्रहरी बलका सात जना घाइते भएका छन्। घाइते प्रहरी सबैको अवस्था सामान्य छ। गोली लागेर घाइते भएका कैदीबन्दीलाई सेनाकै सुरक्षामा उपचारका लागि काठमाडौं पठाइएको छ।

मंगलबार नक्खु कारागारबाट पूर्व गृहमन्त्री रवी लामिछानेसहित अन्य कैदीबन्दी छाडेको भन्दै आफुहरुलाई पनि रिहा माग गर्दै कैदीबन्दीले कारागारमा आगजनी गरेका थिए।

गोली चलाउनुअघि सेनाले पानीको फोहोरा प्रयोग गरेर स्थिति नियन्त्रणमा लिने कोसिस गरेका थिए। उनीहरुले सेनामाथी नै आक्रमण गर्न थालेपछि सेनाले गोली चलाएको हो। जिल्ला कारागार धादिङमा २४३ कैदीबन्दी छन्। त्यसमध्ये महिला ९ जना छन्।

# खाद्य गोदामबाट हजारौँ क्वीन्टल चामल र चिनी लुटपाट



**सिरहा/मस-**'जेन-जी' आन्दोलनका क्रममा मंगलबार साँझ लहानस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको गोदाममा तोडफोड र लुटपाट गरिएको छ। ठूलो समूहमा आएका उनीहरुले हजारौँ क्वीन्टल चामल र चिनी लुटेका छन्।

कम्पनीका लहान शाखाका सूचना अधिकारी अनिलकुमार महतोले भने,'गोदाममा भण्डारण गरिएको करिब सात हजार क्वीन्टल जिरा मसिना चामल, ५ सय क्वीन्टल सोना मन्सुली चामल र तीन हजार ५ सय क्वीन्टल चिनी लुटिएको छ।'

उनका अनुसार ट्राफिक प्रहरी कार्यालयमा आगजनी गरेपछि आन्दोलनकारीहरूले खाद्य गोदाममा आक्रमण गरेका थिए। लुटपाटपछि कार्यालयको चारपांग्रे सवारी साधनमा आगजनी गरिएको छ। हाल नेपाली सेनासहितका सुरक्षाकर्मीहरूले सुरक्षा प्रदान गरेका छन्।

# ढोरपाटन सिकार आरक्षको रेञ्जपोष्टमा आगजनी




**म्याग्दी/मस-** म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जा र लमसुङमा रहेको ढोरपाटन सिकार आरक्षको रेञ्जपोष्टमा स्थानीयवासीले बुधबार तोडफोड र आगजनी गरेका छन्।

ढोरपाटन सिकार आरक्षमा समेटिएका गुर्जा र लमसुङका बासिन्दा त्यहाँ रेञ्जपोष्ट राख्न नहुने पक्षमा रहँदै आएका थिए। गुर्जाको चारकोठे एकतले कच्ची र लमसुङको एकतले पक्की भवन आगलागीबाट नष्ट भएको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले पुष्टि गरे।

स्थानीयवासीलाई घाँस, दाउरा, काठ, जडीबुटी, च्याउ, टुसा संकलन गर्न आरक्षको झन्झटिलो प्रक्रियाका कारण दुःख भएको स्थानीयवासीको भनाइ छ।

# मैवाखोलामा पहिरो, एक बेपत्ता

**ताप्लेजुङ/मस-** मैवाखोला गाउँपालिका-६ च्यानडाँडा क्षेत्रमा गएको पहिरोले स्थानीय लाक्पा खाङ्दु शेर्पा (चेप्टे शेर्पा)को घर पुरेको छ। गाउँपालिकाका अध्यक्ष विजयप्रकाश वनेमका अनुसार घरमा रहेका शेर्पाका तीन नातिनातिनी भने भेटिएका छन्। तीन जनामध्ये एक जना घाइते भएका छन् भने लाक्पा खाङ्दु शेर्पा भने बेपत्ता भएका छन्। अविरल वर्षाका कारण अहिले बिहान पहिरो गएको थियो। गाउँपालिकाले स्थानीयलाई सतर्कता अपनाउन अनुरोध गरेको छ। उक्त ठाउँको थप अवस्था बुझ्ने र उद्धारका लागि पहल भइरहेको अध्यक्ष वनेमले बताए।

# बन्द झुलाघाट नाका सञ्चालनमा



**बैतडी/मस-**भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले झुलाघाट नाकामा आवातजावत खुला गरेको छ। जेनजी आन्दोलनले नेपालमा अशान्ति बढेको भन्दै एसएसबीले आज दिउँसो भारत प्रवेशमा रोक लगाएको थियो।

केही घण्टा बन्द गरिएको नाका अपरान्हपछि सञ्चालनमा आएको बैतडीका प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जानकारी दिए। दिउँसो भारतीय सुरक्षाकर्मीले प्रवेशमा रोक लगाएपछि झुलाघाटमा नेपालतर्फको प्रवेशद्वार पनि बन्द गरिएको थियो।

भारतीय पक्षले आवातजावत खुला गरेको एसएसबीलाई उद्धृत गर्दै भारतीय पत्रिका दैनिक जागरणका पत्रकार प्रमोदकुमार भट्टले जानकारी दिए।

# बालगृहमा खाना, आवास र सुरक्षामा चुनौती भए सम्पर्क गर्न आग्रह




काठमाडौं/मस-काठमाडौं महानगरपालिकाले अहिलेको अवस्थामा कुनै पनि बालगृहमा खाना, आवास र सुरक्षामा चुनौती भएमा तत्काल कामपामा सम्पर्क गर्न आग्रह गरेको छ। यदि व्यक्ति वा बाल संस्थालाई समस्या आइपरे बालअधिकारका लागि राष्ट्रिय अभियानका संघीय समन्वय समिति प्रतिनिधी प्रविन सिलवाल फोन नम्बर ९८४९०३६४२०, सोनी भट्टराई ९८४३८०४९६४ र सुरेश मगर ९८६९११५१६२ मा सम्पर्क गर्न आग्रह गरिएको छ।

साथै देशभर रहेका नेपाल बाल संगठनसहितका बालगृह र त्यहाँ संरक्षित बालबालिकाको खाना, सुरक्षित आवास र सुरक्षाका निम्ति तत्पर रहन सम्पूर्ण सरोकारवाला संघसंस्थालाई अनुरोधसमेत गरिएको समितिको केन्द्रीय सदस्य सोनी भट्टराईले जानकारी दिए।

साथै अहिलेको परिस्थितिबाट सिर्जित प्रतिकूल अवस्थालाई सामान्य बनाउँदै लैजानु अबको आवश्यकता भएकाले उक्त कार्यमा जुट्नसमेत सम्पूर्णमा अपिल गरिएको छ। महानगर पहरी बलसँगको सहकार्यमा घाइते बालबालिकाको उपचार, यातायात अमस्या र कुरुवालाई खानपानसहितको समस्या परे सम्पर्क गर्न आग्रह गरेको छ। हाल कामपामा ३१ वटा बालगृहरू रहेका छन्।

सम्पादकीय

## लोकतन्त्र र नागरिक शासनको विकल्प नखोजियोस्

जेन-जी विद्रोहपछि देशको सम्पूर्ण सुरक्षा कमाण्ड नेपाली सेनाको हातमा पुगेको छ । प्रधान सेनापति अशोकराज सिग्देलले देशवासीलाई सम्बोधन गरेलगत्तै भदौं २४ मध्यरातदेखि सेना परिचालन भएको थियो । राज्य संयन्त्र र संरचना करिब शून्यमा झरेकाबेला सेनाको नेतृत्वमा सशस्त्र प्रहरी र नेपाल प्रहरीले नियन्त्रणबाहिर पुगेको सुरक्षास्थितिलाई सामान्य अबस्थामा फर्काउन काम गरिरहेका छन् । सँगसँगै, सेनाले आन्दोलनरत समूहका अगुवालाई जङ्गी अड्डा बोलाइ संवादको थालनी गरिसकेको छ । अनौपचारिक छलफलबाट एउटा निष्कर्षमा पुगेपछि राष्ट्रपति रामचन्द्र पौडेलसँग निर्णायक वार्ता गराउने तयारी बुझिन्छ ।

आठ सेप्टेम्बरको जेन-जी विद्रोह ३६ घण्टामै जसरी निर्णायक बन्यो, बदलिएको परिस्थितिमा अन्तरिम सरकार बनाएर राज्यविहिनताको स्थिति अन्त्य गर्न उत्तिकै कठिनाई भइरहेको छ । जसका कारण अनिश्चय र अन्यौलको स्थिति छ । यो विद्रोह कुनै एक समूहको आव्हानमा मात्र सम्भव भएको हैन । यसमा थुप्रै विचार बोकेका समूह छन् । गत निर्वाचनबाट उदाएको रास्वपादेखि काठमाडौं महानगरका मेयर बालेन शाहसम्म, विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईदेखि राजावादीहरूसम्म कुनै न कुनै रूपमा जोडिएका छन् । यस्तोमा अन्तरिक सरकार टुंग्याउने सवाल पेचिलो बन्दैगएको छ ।

जङ्गी अड्डामा बुधबार भएको छलफलमा अबको राजनीतिक भविष्यबारे जेन-जी समूह विभाजित धारणा आए । राजतन्त्रमा फर्किनेसम्मका प्रस्ताव अघि सारिए । दुर्गा प्रसाई र रास्वपाका प्रतिनिधिसमेत सहभागी गराइएपछि केही जेन-जी अगुवा छलफलबाटै बाहिरिए । त्यसले अहिलेको परिस्थितिको निकास संघिय लोकतान्त्रिक व्यवस्थाभित्रैबाट खोज्ने कि पछाडि फर्किने नयाँ बहस सिर्जना गरिदिएको छ । तर, सयौं जेनजी प्रतिनिधि सहभागी भर्चुअल बैठकमा लोकतान्त्रिक व्यवस्थाभित्रै समाधान खोज्नुपर्ने धेरैको तर्क छ । त्यसका लागि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री बनाउनुपर्नेमा बलियो मत पनि छ ।

जेन-जी पुस्ता देशमा व्याप्त भ्रष्टाचार, बेथिति, दलीय भागबण्डाबिरूद्ध पारदर्शिता, कानूनी राज र व्यवस्थित राज्य प्रणालीका निम्ति सडकमा ओर्लिएका हुन् । त्यसैले यो पुस्ता परिवर्तनको बहावलाई भूलेर पछि फर्किने कल्पना गर्न सकिँदैन् । दलीय राज्यसत्ता र संसदीय जनमतले बैधता गुमाइसकेको स्थितिमा संवैधानिक संकट उत्पन्न भएको स्थिति छ । यस्तोमा अहिलेकै संविधानभन्दा धेरै टाढा नपुगेर हरसम्भव बैधानिक निकास खोज्नु उत्तम बिकल्प हो । लोकतन्त्र र नागरिक शासनभन्दा टाढा गएर मुलुकलाई राजतन्त्र पुनःस्थापना वा सैनिक शासनतर्फ लैजान खोजियो भने त्यो अर्को दुर्भाग्य हुनेछ । त्यो जेन-जी पुस्ताको उद्देश्य पनि पूरा हुनेछैन । राष्ट्रिय जीवन अति संवेदनशील अहिलेको अवस्थामा त्यस्ता प्रयासले समस्याको समाधान गर्नुको साटो मुलुकलाई 'नियन्त्रित अस्थिरता' र निरन्तरको द्वन्द्वमा फसाउने छ । अतः २०७२ को संविधानको वरपरबाटै निकास खोज्नुपर्छ ।

# यसकारण युवाहरूले विकल्प खोजे

*जब पुराना नेताहरू देशको नेतृत्व गर्न सक्षम हुँदैनन् भने नयाँ पुस्ताले नेतृत्व गर्न खोज्नु अस्वभाविक होइन...*

अग्रलेख



● युवराज न्यौपाने

नेपालको राजनीतिक परिप्रेक्ष्यमा बुढा नेताहरूको कुशासन र पुरानो सोचका कारण युवाहरूको एक ठूलो वर्ग अहिले विकल्प खोज्ने अवस्थामा पुगेको हो । यिनै नेताहरूले संविधान ल्याए, व्यवस्थापनमा परिवर्तन गरे र देशलाई नयाँ दिशा दिनुको प्रयास गरे, तर उनीहरूको सोच र कार्यशैलीको सीमितताले साँचो परिवर्तन र प्रगति सम्भव हुन सकेन । यसको परिणामस्वरूप, आजको जेनरेशन, विशेषतः जेन जी विकल्प खोज्ने अवस्थामा पुग्यो ।

नेपालको इतिहासमा हामीले के देख्यौं ? अनेकौं आन्दोलन, संघर्ष र संघर्षको परिणाम स्वरूप राजनीतिक परिवर्तन भयो, संविधान आयो, व्यवस्थापनको फेरबदल भयो , तर त्यसको पछाडि कुनै मौलिक परिवर्तन ल्याउन सकेन । सबै परिवर्तन अस्थायी रूपमा प्रस्तुत भए, जसले नयाँ सोच र दृष्टिकोणलाई उत्प्रेरित गर्न सकेन । जब एक पुस्ताले कुनै पनि समस्याको समाधानमा आफूलाई अडिग राख्छ र आफ्ना सिद्धान्तबाट जडिएको रहन्छ, त्यस्तो अवस्थामा अर्को पुस्ताको मनोबल टुट्न सक्छ र उनीहरू नयाँ सोचको लागि प्रयास गर्न सक्छन् ।

नेपालका पुराना नेताहरू, जसले आन्दोलन र संघर्षमा बलिदान दिएका थिए, तर आज आफूलाई धेरै पुरानो सोच र प्रथाहरूबाट बाहिर ल्याउन सकेनन् । उनीहरूले संविधान ल्याए, तर त्यहि संविधानको कार्यान्वयनमा भने कुशासन र भ्रष्टाचारको जाल फैलाउने अवस्था बनाए । नेपाली समाजको वास्तविक आवश्यकता, जो अहिले विकसित र आधुनिक विचारधारामा आधारित छ, उनीहरू सोझै बुझ्न सकिरहेका छैनन् । यस कारणले गर्दा युवाहरूको आशा, इच्छाशक्ति र आकांक्षाहरू पुराना नेताहरूसँग मेल खाँदैनन् ।

नेपालको सन्दर्भमा जेन जी पुस्ताले नयाँ विश्व र प्रविधिको युग देखेका छन् । तिनीहरूले स्मार्टफोन, इन्टरनेट, सामाजिक मिडिया र कृत्रिम बुद्धिमत्ता जस्ता नवप्रवर्तनकारी उपकरणहरूको उपयोग गरेर आफूलाई संसारसँग जोडेको महसुस गर्छन् । यिनीहरूले हरेक प्रकारका समस्याको समाधानको लागि नयाँ तरिका खोजिरहेका छन् र यसबारे विश्वका अन्य स्थानमा भएका उदाहरणहरूलाई ध्यानमा राखेर आफ्नो भविष्य तय गर्न चाहन्छन् । जब युवाहरू यी सबै नयाँ उपकरणहरू र प्रविधिहरूसँग परिचित हुन्छन् भने उनीहरूको दृष्टिकोण र सोच पुराना नेताहरूको सोचसँग मेल खान्न । युवाहरू आजका छिटो सन्देश आदानप्रदानको युगमा बाँचिरहेका छन्, जहाँ कार्यहरूको गति तीव्र छ र उनीहरूको विचारधारा पनि त्यसै अनुरूप छ ।

तर, पुरानो पुस्ता भने अझै पनि परम्परागत विधिहरूमा अडिग छन् । उनीहरूको सोच परिवर्तनका लागि खुला छैन, जसले गर्दा नयाँ विधिको आवश्यकतालाई स्वीकार्न सकिरहेका छैनन् । पुराना नेताहरूले आफ्नो व्यक्तिगत र दलगत स्वार्थको लागि राज्यको संशाधनलाई उपयोग गर्ने प्रवृत्ति हाबी बन्यो । भ्रष्टाचार र अनियमितताका कारण नेपालको अर्थतन्त्र र समाज थप अस्थिर बनाए । यसले युवाहरूलाई असन्तुष्ट र निराश बनाएको हो, जसले गर्दा उनीहरूले अब आफ्नो भविष्य र समृद्धिको लागि नयाँ विकल्प खोज्न थालेका हुन् ।

आजका जेन जी युवाहरूका लागि यो पुरानो सन्देश र परम्परा अपवादभन्दा बढी केही छैन । उनीहरूले देखेका छन् कि विकास र प्रगतिको मार्ग अहिलेको राजनीतिक परिप्रेक्ष्यसँग मेल खाँदैन । यिनीहरू सस्तो र छोटो मार्गका लागि कुनै पनि समस्या हल गर्न तयार छैनन् । उनीहरूको विश्व विचार पुरानो नेता र तिनका संरचनाहरूबाट अलग छ । यसै कारण, उनीहरूले आफ्नो भविष्य निर्माण गर्नका लागि नयाँ मार्ग र विकल्प खोज्न शुरू गरेका छन् ।




जब पुराना नेताहरू देशको नेतृत्व गर्न सक्षम हुँदैनन् भने नयाँ पुस्ताले नेतृत्व गर्न खोज्नु अस्वभाविक होइन । राजनीतिक भ्रष्टाचार, सत्ता संघर्ष र व्यक्तिगत स्वार्थको कारण यस पुरानो पीढीले देशको समृद्धि र प्रगतिको मार्गमा कुनै ठोस कदम चाल्न सकेन । यसको परिणामस्वरूप, युवाहरू आफ्नो भविष्यको लागि नयाँ दिशामा अघि बढ्न र नयाँ विकल्पहरू खोज्न उत्साहित छन् ।

नेपालको नयाँ पुस्ता कोर्स सामग्री, पाठ्यक्रम र ज्ञानको कुरामा सुधार गर्न चाहन्छ । तिनीहरू शिक्षा र नयाँ सोचलाई प्राथमिकता दिन चाहन्छन् । उनीहरूले पुरानो राजनीतिलाई आलोचना गर्दै, नयाँ प्रविधि र प्राविधिक क्षेत्रको प्रयोग गरेर मात्र राष्ट्रलाई नयाँ दिशा दिन सकिने विश्वास राखेका छन् । युवाहरू विश्वभरिका सामाजिक र राजनीतिक सुधारका लागि उत्रेका छन् र आफ्नो आवाजलाई संसारको ध्यानमा पुऱ्याउन चाहन्छन् । यो समय बुढा नेताहरूको नजिक पुगेर, उनीहरूको गल्ती सुधार्नको लागि मात्र होइन, आफूलाई नयाँ र सशक्त विकल्पको लागि तयार पार्ने समय हो ।

अहिलेको नेपालमा युवाहरूको जीवनशैली र उनीहरूको सोच पुरानो नेता र तिनका कार्यशैलीसँग मेल खाँदैन । उनीहरूले आफ्नो सपना पूरा गर्नको लागि न त पुरानो राजनीतिमा विश्वास राखेका छन्, न त तिनको नेतृत्वलाई भविष्यका लागि उपयुक्त ठानेका छन् । उनीहरूको असन्तुष्टि र निराशा आजको राजनीति र शासकीय व्यवस्थामा रहेका भ्रष्टाचार र

> *पुराना नेताहरू, जसले आन्दोलन र संघर्षमा बलिदान दिएका थिए, तर आज आफूलाई धेरै पुरानो सोच र प्रथाहरूबाट बाहिर ल्याउन सकेनन् । उनीहरूले संविधान ल्याए, तर त्यहि संविधानको कार्यान्वयनमा भने कुशासन र भ्रष्टाचारको जाल फैलाउने अवस्था बनाए...*

कुप्रवृत्तिका कारण आएको हो । यसैले उनीहरूले आफ्नो भविष्य सुनिश्चित गर्न र समाजमा परिवर्तन ल्याउन नयाँ विचार र नयाँ दृष्टिकोणका साथ अघि बढ्न चाहन्छन् ।

नेपालका युवा आगामी दिनमा आफ्ना सपनाहरूको बाटोमा अघि बढ्न चाहन्छन् र त्यसका लागि आवश्यक संरचनात्मक र राजनीतिक परिवर्तनको आवश्यकता महसुस गर्छन् । उनको यही आवश्यकता र विचारका कारण, अहिले उनीहरूले पुरानो पुस्ताबाट अलग भएर नयाँ विकल्प खोजेका छन् । यसरी, नेपालको भविष्य निर्धारण गर्ने जिम्मेवारी अब नयाँ पुस्तामाथि पर्ने छ ।


निष्कर्षमा, पुराना नेताहरूको नकरात्मक कुशासन, असमानतासँगको सम्झौता र राजनीति हाँक्ने पुराना तरिका युवाहरूलाई नयाँ विकल्पको खोजीमा लिप्त गराएका छन् । जेन जी युवाहरूले पुराना सोच र व्यवस्थाबाट मुक्त भई आफ्नो भविष्य र देशका लागि नयाँ सोच र नयाँ दिशा अपनाउने तयारी गरेका छन् । अब, यो त उनीहरूमा निर्भर गर्दछ कि उनीहरूले आफ्नो विचार र दृष्टिकोणलाई वास्तविकतामा बदल्न कति प्रभावकारी तरिकामा अगाडि बढ्न सक्छन् ।

## सामाजिक सञ्जाल




**यादव देवकोटा**

'सिंहदरबार जलाइदिन्छु' भनेर उत्तेजना बेच्दा एक घण्टामा यति लाइक र शेयर भनेर गनेर बस्यौं । ए देशको सम्पत्ति जल्न थाल्यो, नेतृत्व लिएर अपिल गर न भन्दा दुलोमा पस्यो । उत्तेजना बेच्नु र नेतृर्त्वुमा फरक छ । एक चिम्टी खरानी त मेरो भागमा पनि पर्ला-किनकी लायक त म पनि त्यत्तिकै त हुँ ।



**समा थापा**

यस्तो कठिन समयमा, देश तरल अवस्थामा रहेको बेला नागरिक समाजलगायतले पनि सही बाटो समात्न सुझाउनु पर्छ । बेला बितिसकेपछि देशको अहितमा दीर्घकालीन निर्णय र व्यवस्था लागू गरिए पछि रोई कराई गर्दै यो शक्ति र त्यो शक्ति भनेर ज्ञान पेलाईको अर्थ रहँदैन ।



**नारायण अमृत**

रवि निस्के । ठिकै छ । उनी 'पछिल्ला नेता' हुन् । भोलि अदालत या कारागारले बोलाएमा जालान् । तर, दुःखको कुरा त्यही र त्यस्तै जेलबाट रविसँगै सञ्जय टक्ला जस्ता खुँखार अपराधीहरू पनि निस्के । कास्की, दाङ र यताका जेलबाट निस्केका अपराधीले आजै रातिदेखि गर्ने अपराधको जिम्मा कुन जेन कि जीले लिन्छ ?



**कृष्ण घिमिरे**


संविधानले राष्ट्रपतिलाई संविधानको संरक्षक र सेनाको सर्वोच्च स्थान दिएको छ । ८ तारिखमा अहंकारी तानशाहले कलिला नानी भुटेर आतंक मच्चाउने बित्तिकै संविधानतः सुरक्षामा सेना र राष्ट्रपतीय अधिकार प्रयोग गरेको भए हिजोको क्षति न्यून हुन्थ्यो । अहंकारी प्रम अनि गैरजिम्मेवार राष्ट्र प्रमुख !

## इतिहासमा आज

११ अगस्ट २०१७ मा इजिप्टको अलेक्जान्ड्रियामा दुई यात्रुवाहक रेलहरू ठोक्किँदा कम्तिमा ४१ जनाको मृत्यु भएको थियो भने १७९ जना घाइते भएका थिए ।



११ अगस्ट १९७९ मा युक्रेनी शहर डिनिप्रोड्जेरझिन्स्कमा दुई एरोफ्लोट टुपोलेभ टु-१३४ ठोक्किएर दुर्घटनाग्रस्त भए । दुवै विमानमा सवार सबै १७८ जनाको मृत्यु भएको थियो ।



११ अगस्ट १९८२ मा जापानको टोकियोबाट उडेको प्यान एम ८३० विमानमा बम विस्फोट हुँदा एक यात्रुको मृत्यु भएको थियो भने १५ जना घाइते भएका थिए ।



११ अगस्ट २००३ मा नेटोले अफगानिस्तानमा शान्ति सेनाको कमान्ड लिएको थियो । जुन ५४ वर्षको इतिहासमा युरोप बाहिर भएको पहिलो ठूलो अपरेशन हो ।



# संवेदनशील समन्वय र जिम्मेवारीको खाँचो

विचार



● जनकराज पाठक

> *युवापुस्ताले यस संघर्षको प्रारम्भ गर्दा न्याय र पारदर्शिता चाहेका थिए । तिनका माग वैध थिए । त्यसपछि घटित दुर्घटनाले सबैलाई गहिरो दुःख दिएको छ । यो शासक वर्गका हठ र दमनका कारण भएको हो । यसको परिणामबाट सबैले शिक्षा लिइराख्नुपर्छ...*

नेपालको वर्तमान राजनीतिक स्थिति निराशाजनक र गम्भीर संकटमा पुगेको छ । जेन जी पुस्ताको दुई दिने (२३ र २४ गते)को आन्दोलनले मुलुकलाई शून्यताको स्थितिमा पुऱ्याएको छ । मुलुकका कार्यकारी प्रमुखले राजीनामा दिइसकेका छन् र नयाँ सरकार गठनको प्रक्रिया अझै प्रारम्भ भएको छैन । सर्वोच्च अदालत र अन्य अदालत भवनहरूमा तोडफोड र आगजनीका घटनाहरूले नेपालको कानूनी संरचनामा गहिरो चोट पुऱ्याएको छ । अवस्थालाई हेर्दा, मुलुक कहाँ जाने हो, के दिशा अपनाउने हो, यसबारे कुनै स्पष्टता छैन ।

२ दिनको आन्दोलनका क्रममा ठूलो मानवीय क्षति पनि हुन पुग्यो । पहिलो दिनको आन्दोलनमै ठूलो मानवीय क्षतिसँगै युवा आक्रोशित हुनु स्वाभाविक थियो र उनीहरूको भ्रष्टाचारविरुद्धको संघर्ष सही र जायज थियो । तर, यस आन्दोलनको परिणाम र प्रवृत्तिले दुर्भाग्यपूर्ण घटनाहरूलाई जन्म दियो, जसले मुलुकलाई गहिरो अशान्ति र विध्वंसतर्फ धकेलेको देखिन्छ । धेरै मानिसको ज्यान गएको छ, ठूलो तहमा भौतिक संरचनामा क्षति भएको छ र भविष्यका लागि स्थिति अझै अनिश्चित बनिरहेको छ ।

केपी शर्मा ओलीको बहिर्गमनसँगै मुलुकको अवस्थाले अनिश्चितता झल्काइरहेको छ । नागरिक सुरक्षा र शान्तिको अवस्था थप चिन्ताजनक छ । यो समय मुलुकलाई सम्हाल्नका लागि राष्ट्रिय सहमति र संवादको आवश्यकता छ । राजनीतिक, संवैधानिक र सामाजिक शून्यतामा फसेका नेपाललाई पुनः निर्माण गर्नका लागि सबै पक्षहरूको बीचमा साँचो समन्वय र साझा दृष्टिकोण आवश्यक छ ।

यो संकटको मुख्य कारण भनेको असमझदारी र राज्यका प्रमुख अंगहरू बीचको कमजोरी हो । सेना र प्रहरीलाई अहिले शान्ति सुरक्षाको जिम्मेवारी दिइएको छ भने, निषेधाज्ञा र कर्फ्युको आदेश जारी गरिएको छ । यद्यपि, आक्रोशित युवा वर्गले आन्दोलन गर्दा भ्रष्टाचारविरुद्धको लडाइँमा सुधारका लागि अपेक्षा राखेका थिए, तर परिस्थितिको गम्भीरता र बल प्रयोगले त्यसलाई खतरनाक मोडमा पुर्याएको छ । समाजमा असन्तुष्टि र निराशा फैलिएको छ । तर, यो क्षणको आवेशमा कुनै भीडको पछि लाग्दा देशलाई थप विध्वंसको बाटोमा लैजान सकिन्छ । यसैले, घटनाको गहिरो विश्लेषण र सामाजिक सन्तुलनका लागि सबै नागरिक र नेतृत्वलाई जिम्मेवारीका साथ अघि बढ्न जरुरी छ ।

नेपालको भविष्य यसतर्फ पनि निर्भर गर्छ कि हामी यो संकटलाई अवसरमा परिवर्तन गर्न सक्छौं कि सक्दैनौं । सबै जातजाति र भाषाभाषी समुदायका बीचमा एकता र राष्ट्रिय सहमति बलियो बनाउनुपर्ने समय आएको छ । वर्तमान समयमा संविधान र लोकतान्त्रिक मूल्यका आधारमा समाधान खोज्नु अत्यन्त महत्वपूर्ण छ । साथै, अन्तर्राष्ट्रिय समुदायसँग आर्थिक सहयोगको लागि सही तरिकाले संवाद गर्नु पर्नेछ । यसका लागि पुराना परिपाटीलाई बदल्नु पर्छ र साँचो नेतृत्वद्वारा हामी नेपाललाई बलियो बनाउन सक्छौं ।

युवापुस्ताले यस संघर्षको प्रारम्भ गर्दा न्याय र पारदर्शिता चाहेका थिए । तिनका माग वैध थिए । त्यसपछि घटित दुर्घटनाले सबैलाई गहिरो दुःख दिएको छ । यो शासक वर्गका हठ र दमनका कारण भएको हो । यसको परिणामबाट सबैले शिक्षा लिइराख्नुपर्छ र त्यस्ता कृत्यहरू भविष्यमा हुन नदिनाका लागि उपायहरू खोजिनुपर्छ । सम्पूर्ण देश र समाजलाई शान्ति र सद्भाव राख्दै, संकटको समयलाई अवसरमा परिवर्तन गर्ने सोचका साथ अघि बढ्न जरुरी छ । यसका लागि सबैको सक्रिय भूमिका र नागरिक दायित्वको सचेतना आवश्यक छ । अहिलेको विध्वंसको बाटोबाट माथि उठ्न हामी सबैलाई एकजुट भएर शान्ति, समृद्धि र लोकतान्त्रिक मूल्यको संरक्षणमा लाग्नु पर्नेछ ।

# अस्पतालहरूमा भ्याइनभ्याइ उपचार

**काठमाडौं/मस**–जेन–जी पुस्ताले देशव्यापी रुपमा गरेको प्रदर्शनका कारण मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्र प्रभावित भएको छ। दुई दिनअघिको काठमाडौं केन्द्रित प्रदर्शन देशव्यापी फैलिएर सबैजसो क्षेत्र प्रभावित भएको देखिन्छ। विशेषगरी पहिलो दिन नयाँबानेश्वर क्षेत्रमा भएको प्रदर्शनमा घाइते भएका विरामीको उपचार गर्न अस्पतालहरूलाई भ्याइनभ्याइ भएको अवस्था छ।

मीनभवनस्थित सिभिल अस्पतालले विरामीको चाप अध्यधिक भएसँगै आकस्मिक सेवाबाहेकका अरु सेवा अहिले बन्द गरेको छ। अस्पतालका निर्देशक डा. मोहनचन्द्र रेग्मीका अनुसार बिरामीका लागि खानालगायत अत्यवश्यक सेवा पुऱ्याउन कठिन भएको छ।

'स्रोतसाधनको समस्या छ, जनशक्ति व्यवस्थापन पनि त्यत्तिकै चुनौतीपूर्ण छ। चिकित्सक तथा नर्सहरु 'डबल ड्युटी' गरेर भए पनि अहोरात्र खटिनुभएको छ, तर हाललाई 'ओपिडी' र 'ओटी' सेवा बन्द गरिएको छ', उनले भने। हाल सो प्रदर्शनमा घाइते ४६ जनाको उपचार भइरहेको छ।

त्रिवि शिक्षण अस्पतालले पनि प्रदर्शनमा घाइतेहरूलाई उच्च प्राथमिकता दिइ उपचार गरिरहेको अस्पतालका निर्देशक डा.सुवास आचार्यले जानकारी दिए।

'अत्यावश्यक र 'रेफर' भएर आएका बिरामीको भने उपचार रोकिएको छैन। 'ओपिडी' सेवा सञ्चालनमै छ, तर बिरामीहरू अस्पतालसम्म आइपुग्न सकेका छैनन्। "डबल ड्युटीमा खटेर हामीले काम गरिरहेका छौं। घर जाने अवस्था नभएकाले स्वास्थ्यकर्मीहरू अस्पतलामै रही काम गरिरहनुभएको छ', उनले भने, 'हाल ५३ जना घाइतेको यस अस्पतालमा उपचार भइरहेको छ।'

निर्देशक आचार्यका अनुसार 'ओपिडी' नियमित रूपमा सञ्चालन भइरहेको, आकिस्मक सेवामा चाप रहेको, मुख्य शल्यक्रिया भने हाललाई बन्द गरिएको र यातायात नियमित रूपमा चले भोलिबाट सबै सेवा सञ्चालन गरिने छ।



'राष्ट्रिय ट्रमा सेन्टरमा हाल ४० जना घाइतेको उपचार भइरहेको छ। जसमा चार जनालाई शल्यक्रियापछि 'आइसीयु'मा राखिएको छ। अहिले त अवस्था ठिकै छ। तर एउटा एम्बुलेन्स नै तोडफोड गरेका छन्', अस्पतालका निर्देशक डा.बद्री रिजालले भने, 'चिकित्सक र नर्स ल्याउन भने केही समस्या छ। स्रोतसाधन अभावका बीच पनि उपचार सेवा रोकेका छैनौं।'

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा पनि २४सै घण्टा सेवा सञ्चालनमा छ। जस्तोसुकै परिस्थितिमा पनि आफ्नो सेवालाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै सो अस्पतालका निर्देशक डा.श्रीप्रसाद अधिकारीले भने,'ओपिडी नियमित नै सञ्चालन छ, आकस्मिक सेवा चलिरहेकै छ। शुल्क लिएर दिइने सेवा (पेइड सर्भिस) बन्द गरिएको छ।'

# जनताको जीउधनको रक्षा र राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्न बारको आग्रह




**काठमाडौं/मस**–नेपाल बार एसोसिएसनले आम जनताको जीउधनको रक्षा र राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्न सम्बद्ध सुरक्षा निकायको ध्यानाकर्षण गरेको छ।

बारका महासचिव केदारप्रसाद कोइरालाले बुधबार एक विज्ञप्ति जारी गरी जनताको जिउधनको रक्षाका लागि सुरक्षा निकायको ध्यानाकर्षणसहित शान्ति बहालीका लागि सम्पूर्ण जनसमुदायमा अपिल गरेका छन्। मंगलबार बारको भवन तथा सवारीसाधन, सर्वोच्च अदालतलगायतका अड्डा–अदालतहरूमा भएको आगजनी, तोडफोड र लुटपाटका घटनाप्रति नेपाल बारले भर्त्सना गरेको छ।


'आपसी वार्ता, मेलमिलाप र सहिष्णुताले मात्र प्रणाली सुदृढ हुन्छ र शान्ति सुरक्षा कायम रहन्छ भन्ने कुरामा हामी दृढ छौं', विज्ञप्तिमा भनिएको छ,' कानुन व्यवसायीहरूको निजी आवास, कार्यालय र निजी सम्पत्तिमाथि गरिएको तोडफोड र लुटपाटसम्बन्धी कार्यको निन्दा गर्दछौं। कानुन व्यवसायीमाथि गरिएको गालीगलौज र दुर्व्यवहारको विरोध गर्दछौं।'

अधिवक्ता अजयशंकर झाको निजी तथा सार्वजनिक सम्पत्तिमाथिको आगजनी, तोडफोड र लुटपाटसहितको हिंसात्मक घटनाले आमनागरिकको जीउधनको सुरक्षामा गम्भीर चुनौती दिएको बारले स्पष्ट गरेको छ। परिस्थितिलाई थप अराजकता र मुठभेडतर्फ लैजान नदिन र समाजका सबै पक्षलाई संयमता अपनाइ विवेक नगुमाउन बारले सम्बद्ध सबैसँग अनुरोध गरेको छ।

'देशभरिका अदालत र बार एकाइहरूमा गरिएको आगजनी, तोडफोड र लुटपाटले हामीलाई मर्माहत र स्तब्ध बनाएको छ। जसको पीडा शब्दमा अभिव्यक्त हुन सक्दैन', विज्ञप्तिमा भनिएको छ, 'नेपाली जनताको आस्थाको धरोहर, पुरातात्विक एवं ऐतिहासिक महत्व बोकेका दस्तावेज एवं न्याय निरुपणसम्बन्धी अभिलेखसहितको सर्वोच्च अदालतलगायतका अदालतहरूको भवन आगजनी भइ अपुरणीय क्षति पुऱ्याएको घटना नेपाली न्यायिक इतिहास र नेपाली मौलिक परम्परामाथिको प्रहार भएको महसुस गरेका छौं।'

'अदालतहरूमा रहेका बाँकी दस्तावेज र अभिलेखहरूलाई सुरक्षित गरौं, न्यायपालिकाको सम्पत्ति, प्रतिष्ठा र विश्वसनीयता जोगाउन पहल गरौं, आगामी पुस्ताका लागि न्यायको आधारभूत संरचना जोगाउन हातेमालो गर्दै नष्ट हुन बाँकी रहेका महत्वपूर्ण दस्तावेज र प्रमाणहरूको सुरक्षामा ध्यान दिई थप क्षति हुन नदिन सम्पूर्ण बार एकाइलगायत तत्तत् निकायहरूसमक्ष आग्रह गर्दछौं', विज्ञप्तिमा भनिएको छ, 'न्यायपालिकामा सुधार आवश्यक छ, तर त्यस्तो सुधार स्वतन्त्र न्यायपालिकासम्बन्धी राष्ट्रिय, अन्तरराष्ट्रिय मूल्यमान्यता र सिद्धान्तबमोजिम हुनुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ।'

# तनहुँमा सुन्तला बगैंचा स्थापना तथा सुदृढीकरण कार्यक्रम



**तनहुँ/मस**–तनहुँमा सात हजार ९ सय २५ रोपनी क्षेत्रफलमा लगाइएको सुन्तला जात फलफूलका नयाँ बगैंचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम सुरु गरिएको छ। तनहुँस्थित कृषि ज्ञान केन्द्रले आव २०८१/८२ मा सुन्तला जातका फलफूल बगैंचा स्थापना तथा विस्तारअर्न्तगत उक्त कार्यक्रम गरेको हो।

कार्यक्रमबाट कृषक परिवार र रोजगारीमा आबद्ध गरी छ सय बढी स्थानीय प्रत्यक्ष लाभान्वित भएका कृषि प्रसार अधिकृत दिनकरमणि आचार्यले जानकारी दिए।

उनका अनुसार ४३ रोपनी क्षेत्रफलमा सुन्तला जात फलफूलको नयाँ बगैंचा स्थापना गरिएको छ। यसबाट २७ कृषकका परिवार लाभान्वित भएका छन् भने छ जनाले रोजगारी पाएका छन्।


बगैंचा व्यवस्थापन तथा सुदृढीकरणका लागि नौ लाख ७५ हजार ५ सय ९० किलो गोठेमल, ५० हजार ८ सय ७८ किलो पिना, दुई हजार ३ सय ९ किलो चुना, एक हजार ५ सय ४५ किलो निलो तुथो, ४० किलो रेडिमेट बोर्डो मिश्रण र दुई रोल मल्चिङ प्लाष्टिक करिब २० रोपनी क्षेत्रफलमा रहेका 'ग्रिनिङ रोग'का बिरुवा हटाई पुनः रोपण कार्यक्रम सञ्चालन भएको कृषि प्रसार अधिकृत आचार्यले जानकारी दिए।

उनले भने,'तीन सय रोपनी कलमी बिरुवा रोपण कार्य सम्पन्न भइसकेको छ।'

सुन्तला जात फलफूलका नयाँ बगैंचा व्यवस्थापन तथा विस्तार कार्यक्रमका लागि ९९ लाख बजेट विनियोजन भएको सो कार्यालयले जनाएको छ। आव २०८०/८१ मा एक हजार ६५७ हेक्टर क्षेत्रफलमा सुन्तला बाली उत्पादन हुँदै आएकामा आव २०८१/८२ मा वृद्धि भई एक हजार ६ सय ७० हेक्टर क्षेत्रफल पुगेको छ। जिल्लामा विभिन्न कार्यक्रममार्फत दुई सय ६१ रोपनी क्षेत्रफलमा विस्तार गरी पाँच हजार ५ सय २२ बिरुवा लगाइएको कार्यालय प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिए। उनका अनुसार गत वर्ष रु ४२ करोड ५० लाख मूल्यको सुन्तला बिक्री भएको थियो।

# धनुषामा तेस्रो सर्प महोत्सव हुँदै

**धनुषा/मस**–आगामी असोज २ र ३ गते धनुषाको मिथिला विहारी नगरपालिकाको मिथिलेश्वर मौवाहीस्थित कल्चर भिलेजमा तेस्रो सर्प महोत्सवको आयोजना हुँदैछ।



सेभ द लिवस सोसाइटी तथा मिथिला वाइल्डलाइफ ट्रष्टको आयोजनामा हुन गइरहेको सो महोत्सवमा सर्प र त्यसका प्रजातिबारे बृहत् जानकारी, सर्पको टोकाइबाट बच्न तथा टोकिसकेपछिको प्राथमिक उपचार तथा सर्प पक्रन अपनाइने विधिसहितका जानकारी र प्रस्तुति हुने ट्रष्टका अध्यक्ष देवनारायण मण्डलले जानकारी दिए।

सर्पको संरक्षक गर्न, सर्पले किन टोक्छ, सर्प र मानवबीचको सौहाद्रता तथा अपनत्व कसरी बढछ, सर्पसहितका जीवहरूको पनि बाँच्न पाउने अधिकार छ र यिनलाई कसरी वातावरणमैत्री बनाउने भन्ने ज्ञानमूलक आयोजनासमेत रहेकाले सहभागिताका लागि सोसाइटीका अध्यक्ष कमल देवकोटाले आग्रह गरे।

नेपालमा हालसम्म ८४ प्रजातिको सर्प देखापरेको जानकारी गराउँदै आयोजकले आफूहरूले हालसम्म पाँच हजार करिब सर्पको उद्धार गरेको मण्डलको भनाइ छ। तीमध्ये करिब २० अर्थात् १८ प्रतिशत सर्पमात्र विषालु भेटिएको आयोजकले बताए। बुधबार जनकपुरधाममा महोत्सवको ब्यानर अनावरण गर्दै मधेसमा सर्प र मानवबीचको शत्रुता अन्त्य गर्न तथा सर्पबारेको कथित भ्रम अन्त्य गर्दै बृहत् जानकारीमूलक आयोजना सावित हुने उल्लेख गरे। सो अवसरमा सर्प विशेषज्ञ सुवोध आचार्यसहितको उपस्थिति थियो। यसअघि यो महोत्सव तिलोत्तमा र कावासोती नगरपालिकामा सम्पन्न भइसकेको मण्डलले जानकारी दिए।

# नवलपरासी कारागारबाट कैदीबन्दीहरूको ठूलो संख्यामा भागभाग



**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २५ भदौ

पश्चिम नवलपरासीस्थित जिल्ला कारागारबाट बुधबार कैदीबन्दीहरूको ठूलो संख्यामा भागभाग भएका छन्।

कारागारभित्र कैदीबन्दीहरूले ४ जना सशस्त्र प्रहरी र २ जना नेपाल प्रहरीलाई नियन्त्रणमा लिएर कारागार कब्जा गरेका थिए। सो क्रममा कारागार परिसरमै आगजनीसमेत गरिएको थियो। स्थिति नियन्त्रणबाहिर गएपछि सुरक्षाकर्मीले केही राउन्ड हवाई फायरसमेत गरेका थिए।

सुरक्षाकर्मीलाई छोडेपछि कैदीबन्दीहरू बाहिर निस्किएका हुन्। कारागारमा करिब ५ सय बढी कैदीबन्दी रहेका भएपनि हाल कति जना भागेका हुन् भन्ने यकिन भइसकेको छैन।

भागेका केही कैदीबन्दीलाई उनीहरूको आफन्तहरूले नै लिन पुगेका थिए। जिल्ला प्रशासनले जारी गरेको कर्फ्युका बाबजुँद उनीहरू लाइनमा लागेर गन्तव्यतर्फ गएका थिए।

प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले भागेका कैदीबन्दीहरूको ठ्याक्कै संख्या पत्ता लगाउन अनुसन्धान भइरहेको बताए। उनका अनुसार, कारागार नियन्त्रणमा लिएपछि थप सुरक्षा व्यवस्था कडा पारिएको छ।

यस घटनाले नवलपरासीको शान्ति सुरक्षामा गम्भीर चुनौती थपिएको छ। स्थानीय प्रशासनले नागरिकलाई सतर्क रहन र अनावश्यक रूपमा घरबाहिर ननिस्कन आग्रह गरेको छ।

# पाँच करोडको लागतमा पक्की पुल निर्माण

**गुल्मी/मस**–गुल्मीको पनाहा खोलामा पुल निर्माण भएसँगै सो क्षेत्रका नागरिकलाई आवागमनमा सहज भएको छ। रेसुङ्गा नगरपालिका–४ र इस्मा गाउँपालिका–२ को संगमस्थल पनाहा खोलामा रु पाँच करोड लागतमा पक्की पुल निर्माण भएको हो।

लामो समयको प्रतिक्षापछि पनाहा खोलामा निर्माण गरिएको उक्त पक्की पुलले दुई पालिकाका नागरिकलाई आवतजावत गर्न निकै सहज बनाएको छ। यसअघि पक्की पुलको अभावमा सो क्षेत्रमा वर्षौंदेखि जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता थियो।

पुल निर्माण भएपछि यतिबेला बिहान, बेलुका सदरमुकाम तम्घास आवतजावत गर्न, आवश्यक सामग्री ढुवानीमा सहज भएको स्थानीय पूर्णबहादुर श्रेष्ठले बताए।

सडक डिभिजन कार्यालय पाल्पाको रु पाँच करोड छ लाख लागतमा उक्त पुल निर्माण भएको हो। पुलको लम्बाइ ३५ मिटर र चौडाइ ११ मिटर रहेको छ।



योसँगै अहिले रेसुङ्गा नगरपालिका–४ बाट इस्माको पालुखा र धुर्कोटको जैसीथोकसम्मका नागरिक प्रत्यक्ष लाभान्वित भएका छन्। गाईवस्तुलाई वारिपारि गराउन, गाउँमा उत्पादिन कृषि उपज बिक्रीका लागि बजारसम्म लैजान, सवारीसाधन सञ्चालन गर्न, बालबालिकालाई विद्यालयसम्म आवतजावत गर्न सजिलो बनाएको स्थानीय कमला पन्थीले बताइन्।

यसअघि खोलामाथि पक्की पुल नहुँदा वर्षाको समयमा मानिसलाई आधा घण्टामा पुगिने ठाउँमा डेढ घण्टाको यात्रा गरेर जानुपर्ने बाध्यता रहेको स्थानीय टंकप्रसाद श्रेष्ठले बताए। 'अहिले पुल निर्माण भएपछि सबैलाई निकै सजिलो बनाएको छ, बर्खाको समयमा खोला तर्दा कतै बगाउँला कि भन्ने ठूलो त्रास हटेको छ', उनले भने।

खोलामा सवारीसाधन लैजाँदा पहिला जोखिम मोल्नुपर्ने र कतिपय अवस्थामा सवारीसाधन बगाइदिने समस्या थियो। अहिले पुल बनेपछि उक्त जोखिम टरेपछि नागरिक खुसी भएका छन्। महादेव खिम्ती श्रेष्ठ कन्सट्रक्सन प्रालिद्वारा निर्माण सुरु भएको चार वर्षपछि पनाहा खोलामा पक्की पुल सम्पन्न भएको हो।

मध्यान्ह
www.madhyanhadaily.com
२६ भदौ २०८२ बिहीबार
11 September 2025 Thursday

जेनजी आन्दोलन

# अन्योलमा चलचित्र क्षेत्र



**काठमाडौं/मस–** हालैको जेनजी आन्दोलनले अन्य क्षेत्रसहित नेपाली चलचित्र उद्योगलाई पनि गहिरो धक्का दिएको छ। सामान्यतया रमाइलो, उत्साह र हल हलमा दर्शकको भिडबारे चर्चा हुने फिल्मी बजार अहिले स्तब्ध छ।

पछिल्ला दिनमा नेपाली चलचित्रहरूले क्रमशः दर्शक तान्न सफल भइरहेका थिए। माग्ने राजा देशका धेरैजसो सहरमा उल्लेख्य दर्शक संख्याका साथ चलिरहेको थियो । दर्शकले यसलाई सकारात्मक प्रतिक्रिया दिएका थिए भने कलाकार, राजनीतिज्ञदेखि खेलकुद र सामाजिक अभियानमा सक्रिय युवासम्मले फिल्म हेर्न सिफारिस गरिरहेका थिए । नेपाली समाज र परिवेशलाई नजिकबाट चित्रण गरेको भन्दै यसबारे राम्रै बहस र प्रशंसा पनि भइरहेको थियो ।

तर सोमबारदेखि भएको जेनजी आन्दोलनले पुरै परिवेश उल्ट्याइदियो। सुरुमा शान्तिपूर्ण भनिएको प्रदर्शन हिंसात्मक रूप लिँदै रक्तपातमा परिणत भयो । अहिलेसम्म २० जनाले ज्यान गुमाइसकेका छन् भने अस्पतालमा उपचाररत घाइतेमध्ये धेरैको अवस्था गम्भीर छ। देश शोकमा डुबिरहेका बेला हलभित्र फिल्म हेर्ने माहोल नै हराएको छ।

यस्तो वातावरणमा दर्शक हल छिर्ने सम्भावना नै न्यून देखिएको छ। आन्दोलनकै क्रममा मृत्यु भएकामध्ये धेरैजसो युवा भएका कारण यसले समाजभर गहिरो असर छोडेको छ । घाइतेका परिवारको पीडाले त हलमा रमाइलो गर्ने कुरै उठ्दैन भन्ने वातावरण बनेको छ ।

यसैबीच, केही फिल्महरूको प्रदर्शन प्रत्यक्ष प्रभावित भएको छ। १० दिनदेखि प्रदर्शनमा रहेको गुन्यो चोलीको शो न्यून हुँदै रोकिएको छ । आगामी शुक्रबार रिलिज हुने तय गरिएको अभिमन्यु पनि अनिश्चितताका कारण स्थगित गरिएको छ। हल खुलेर पनि दर्शक नआउने आशंका निर्माता तथा वितरकले गर्न थालेका छन्।

नेपाल चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जनका अनुसार, परिस्थिति सामान्य नभएसम्म हल सञ्चालन हुने अवस्था छैन । उनी भन्छन्, 'देशका धेरै सहरमा अझै कर्फ्यू छ, सेना घरबाहिर निस्कन नदिन आग्रह गरिरहेको छ । यस्तो बेला हल खोल्नु असम्भव छ । अवस्था शान्त भएपछि मात्र प्रदर्शन सुरु हुन्छ ।'

आन्दोलनको प्रभाव अहिले प्रदर्शन भइरहेका फिल्म रिमै, कोशेढुंगा, माग्ने राजा, गुन्यो चोली र मोहर सबैमा परेको छ । विशेषगरी गत शुक्रबारमात्रै रिलिज भएको रिमै त प्रदर्शन सुरु भएको तीन दिनमै रोकिएको छ । यसले चलचित्र निर्माणमा गरिएको लगानी जोखिममा परेको भन्दै निर्माता चिन्तित छन् ।

यता, प्रदर्शनको तयारीमै रहेका फिल्महरू पनि संकटमा परेका छन् । अभिमन्युको मिति सरिसकेको छ भने असोज ३ गते रिलिज हुने भनिएको जारी २को भविष्य अनिश्चित बनेको छ । मंगलबार रिलिज गर्न तय गरिएको यसको ट्रेलर पनि आन्दोलनकै कारण स्थगित भएको छ। यसले तय गरिएको मितिमा प्रदर्शन सम्भव नहुने अनुमान बढेको छ।

जेनजी आन्दोलनले केही समयअघिसम्म दर्शक तान्न थालेको फिल्म बजार फेरि ठप्पिएको छ । अब परिस्थिति सामान्य नहुँदासम्म हलमा दर्शक फर्कने आशा क्षीण देखिन्छ ।

# युवापुस्तालाई नेतृत्वको जिम्मा दिनुपर्छ : मदनकृष्ण श्रेष्ठ



**काठमाडौं/मस–** वरिष्ठ हास्य कलाकार मदनकृष्ण श्रेष्ठले मुलुकमा अब नेतृत्वको बागडोर युवापुस्ताले सम्हाल्नुपर्ने धारणा राखेका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमार्फत लामो स्टाटस लेख्दै ५० वर्षअघिको तुलनामा अहिलेका युवा बढी शिक्षित, सचेत र बौद्धिक भएको कारण उनीहरूलाई नेतृत्वको अवसर दिनैपर्ने बताएका छन् ।

श्रेष्ठका अनुसार समयसँगै चल्न नसक्नेहरूलाई इतिहासले आफैं छाडिदिन्छ भन्ने कुरा हालैको जेनजी आन्दोलन ले प्रस्टसँग देखाइसकेको छ । उनले आन्दोलनमार्फत युवाशक्तिको अदम्य एकता विश्वले अनुभव गरेको दाबी गर्दै अब नेपाली समाजलाई नयाँ दिशातर्फ लैजान युवाहरू अग्रपंक्तिमा आउनुपर्नेमा जोड दिए ।

फेसबुकमा गरिएको पोस्टमा उनले लेखेका छन्, 'युवाशक्ति कति बलियो हुन्छ भन्ने कुरा नेपालका जेनजीको एकताले संसारलाई देखाइदिए। अबको समय संयम भएर संसारभरि छरिएर बसेका नेपालीहरू समेत एकजुट भएर हाम्रा अमूल्य भौतिक संरचनालाई जोगाउने, संरक्षण गर्ने, पुनर्निर्माण गर्ने र भ्रष्टाचाररहित विधिको शासन पद्धति अपनाउँदै नयाँ नेपाल बनाएर विश्वलाई देखाउने बिन्दुमा आइपुगेका छौं ।'

श्रेष्ठले आन्दोलनका क्रममा ज्यान गुमाएका युवाहरूको सम्झना गर्दै गहिरो संवेदना व्यक्त गरेका छन् । उनी भन्छन्, 'हत्या भएका ती युवाहरूको तस्बिर देख्दा मेरो मन भक्कानियो । मानिसहरू यतिसम्म कठोर हुन सक्छन् भन्ने कुरा मैले कल्पना पनि गरेको थिइनँ । अबोध बालबालिकालाई निर्ममतापूर्वक कसरी गोली चलाइयो होला भन्ने पीडाले निदाउनै नसकेर औषधि खानुपरेको अवस्था आयो ।'

जेनजी आन्दोलन सुरु हुनुभन्दा अगाडि पनि श्रेष्ठले सामाजिक सञ्जालमार्फतै सरकारलाई युवाको आवाज गम्भीरतापूर्वक सुन्नुपर्ने सुझाव दिएका थिए। उनले त्यतिबेलै लेखेका थिए, 'जेनजीको आवाज सुनिनुपर्छ, भ्रष्टचारीहरू थुनिनुपर्छ, नागरिकहरूको चाहना बुझ्ने नेता चुनिनुपर्छ, अन्तमा देशको सपना बुनिनुपर्छ ।'

श्रेष्ठले आफ्नो अभिव्यक्तिमा स्पष्ट पारेका छन् कि मुलुक परिवर्तनको बाटोमा उभिएको छ । उनी भन्छन्, 'देश र समयले अहिले परिवर्तन चाहिरहेको छ । ५० वर्ष पहिलेका युवाहरू भन्दा अहिलेका युवाहरू धेरै शिक्षित र बौद्धिक छन्। समयअनुसार नहिँड्नेहरुलाई समयले छोडिदिन्छ भन्ने कुरा हामी सबैले देख्यौं । अब यो समयले युवा पुस्तालाई नै नेतृत्वको जिम्मा दिनुपर्छ भन्ने स्पष्ट छ किनभने समयको प्रतिनिधित्व युवाहरूले गरेका हुन्छन् ।'

# सलमान खानको सुरक्षामा थप कडाइ



**काठमाडौं/मस–** बलिउड स्टार सलमान खानले पाएको धम्कीका कारण 'बिग बोस' टिमले सुरक्षासम्बन्धी नयाँ कदमहरू कडाइका साथ लागू गरेको छ । निर्माता कम्पनी एन्डेमोल शाइन इन्डिया का प्रमुख कार्यकारी अधिकृत ऋषि नेगीले भारतीय सञ्चारमाध्यमसँग कुरा गर्दै शोमा अबदेखि लाइभ दर्शकलाई प्रवेश अनुमति नहुने बताएका छन् ।

उनका अनुसार, अहिले शोमा करिब ६०० भन्दा बढी स्टाफ सदस्य तीन शिफ्टमा २४ घण्टा काम गरिरहेका छन्। महिला कर्मचारीहरूको समेत उल्लेख्य सहभागिता छ । उनले भने, 'हाम्रो लागि कन्टेन्टको गोपनीयता र ग्राउन्ड व्यवस्थापन दुवै प्राथमिकता हुन् । सुरक्षा र शिष्टाचारमा कुनै सम्झौता गर्न सकिँदैन ।'

नेगीका अनुसार, विगत दुई वर्षदेखि सलमान खानको सुरक्षामा अझ कडाइ गरिएको छ। अब जब सलमान शोमा उपस्थित हुन्छन्, लाइभ अडियन्सलाई प्रवेश दिइँदैन । साथै, सोसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका स्थायी कर्मचारी, अस्थायी श्रमिक वा सप्लायर–सबैको पृष्ठभूमि जाँचिने व्यवस्था मिलाइएको छ ।

यसअघि नै सलमानलाई लरेन्स विष्णोई समूहबाट बारम्बार धम्की आइरहेका कारण उनलाई महाराष्ट्र सरकारले वाइ प्लस श्रेणीको सुरक्षा दिएको छ । यसमा २४ घण्टा उनको साथमा ११ जना सुरक्षा कर्मी खटाइन्छन्, जसमा कमाण्डो र व्यक्तिगत सुरक्षा अधिकृत (एक्इ) समेत सामेल हुन्छन् । सलमानको गाडी बुलेटप्रुफ बनाइएको छ भने उनको अपार्टमेन्ट 'ग्यालेक्सी' वरिपरि उच्च क्षमताका सीसीटीभी क्यामेरा जडान गरिएको छ । जनवरी २०२५ मा अपार्टमेन्टमा भएको गोलीकाण्डपछि बालकनी समेत बुलेटप्रुफ गरिएको हो ।

२० मे मा २३ वर्षे युवक जितेन्द्र कुमार र सोभन्दा एक दिनअघि इशा छाबडा नामकी महिलाले सलमानको अपार्टमेन्टमा जबरजस्ती प्रवेश गर्ने प्रयास गरेका थिए, जसपछि सुरक्षा व्यवस्थामा अझ सतर्कता अपनाइएको हो ।

दर्शकहरूले 'बिग बोस १९' को 'वीकएन्ड का वार' एपिसोडमा सलमान खानलाई हेर्ने अपेक्षा गर्थे । तर यसपटक सलमान शो होस्ट गर्न सक्ने छैनन् । उनी 'ब्याटल अफ गलवान' नामक नयाँ फिल्मको छायांकनका लागि लद्दाख पुगेका छन् र त्यहाँ लामो समयसम्म व्यस्त रहनेछन् ।

त्यसैले आगामी १३ र १४ सेप्टेम्बरको एपिसोडमा सलमानको ठाउँमा अक्षय कुमार र अरशद वारसी मेजबानका रूपमा देखिने भएका छन् । यो पहिलो पटक हो जब अक्षयले 'बिग बोस' होस्ट गर्न लागेका छन् । अरशद वारसी भने 'बिग बोस'को पहिलो सिजनका होस्ट रहेकाले उनको पुनरागमनले दर्शकलाई पुरानो सम्झना ताजा गराउनेछ । दुबै कलाकार हालै ट्रेलर सार्वजनिक भएको आफ्नो नयाँ फिल्म 'जली एलएलबी ३' को प्रचार-प्रसारका लागि पनि शोमा सहभागी हुने बुझिएको छ । फिल्म भदौ १९ गते (सेप्टेम्बर १९) बाट रिलिज हुँदैछ ।

सलमान हाल छायांकन गरिरहेको फिल्म 'ब्याटल अफ गलवान' मा उनको लुक धेरै चर्चामा छ । मेकर्सले लद्दाखको कठोर मौसमलाई ध्यानमा राख्दै ठुला-ठुला एक्सन दृश्यहरू प्रारम्भिक चरणमै खिच्ने निर्णय गरेका छन् । सलमान यसमा स्लिम बडी र जुंगा भएको सैनिक पात्रको रुपमा देखिनेछन् । फिल्ममा सलमानसँगै चित्रांगदा सिंह पनि प्रमुख भूमिकामा देखिनेछिन् ।

# ओप्सना अवार्ड स्थगित




**काठमाडौं/मस–** ओप्सना फिल्मस् प्रालिले 'राष्ट्रिय ओप्सना फिल्म्स एन्ड म्युजिक अवार्ड २०८२' दोस्रो संकरणको फाइनल कार्यक्रम भदौ २७ गते हुने भनिएकोमा हाललाई स्थगित गरिएको छ ।

देशको वर्तमान बदलिँदो परिस्थितिका कारण पूर्वनिर्धारित समयमा अवार्ड कार्यक्रम गर्न मुनासिव नदेखिएको र अर्को सूचना जारी नभएसम्म हाललाई अवार्ड कार्यक्रम स्थगित गरिएको आयोजक संस्थाका अध्यक्ष तथा संगीतकार ओमप्रकाश राईले जानकारी गराएका छन् ।

# एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड स्थगित




**काठमाडौं/मस-** पोखरामा भदौ २९ गते हुने तय गरिएको २२औं एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड स्थगित गरिएको छ। नेपाल खेलकुद पत्रकार मञ्चले जेन जेड पुस्ताको आन्दोलन र मुलुकमा उत्पन्न पछिल्लो परिस्थितिका कारण कार्यक्रम स्थगित गरिएको जनाएको हो।

देशको अवस्था सामान्य नभएकाले यस्तो अवस्थामा अवार्ड आयोजना गर्नु उपयुक्त नहुने देखिएको मञ्चले उल्लेख गरेको छ। मञ्चले परिस्थिति सहज भएपछि मात्र अवार्डको नयाँ मिति तोक्ने बताएको छ।

एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डलाई देशकै प्रतिष्ठित खेलकुद सम्मान कार्यक्रम मानिन्छ, जसमा हरेक वर्ष विभिन्न खेल विधामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई सम्मान गरिन्छ।

अवाड)का लागि पुरुष, महिला, युवा खेलाडी र प्रशिक्षक गरी चार विधाका मनोनयन सार्वजनिक भइसकेको थियो।

वर्ष पुरुषमा क्रिकेटका दीपेन्द्रसिंह ऐरी, कुशल भुर्तेल, उसुका विजयी सिन्जाली, टेबल टेनिसका स्यान्टु श्रेष्ठ र खो खोका जनक चन्द मनोनयनमा परेका थिए। महिलातर्फको मनोनयनमा करातेकी एरिका गुरुङ, फुटबलकी रेखा पौडेल, करातेकी एलिसा रास्कोटी मगर, खो खोकी मानमति बिष्ट र भलिबलकी सलिना श्रेष्ठ परेका थिए।

वर्ष युवा खेलाडीको मनोनयनमा एथ्लेटिक्सका अजय विक, करातेकी अञ्जली महर्जन, क्रिकेटकी पूजा महतो, बक्सिङकी स्वस्तिका र फुटबलका समीर तामाङ परेका थिए।

वर्ष प्रशिक्षकमा पारा तेक्वान्दोका कविराज नेगी लामा, करातेका कुशल श्रेष्ठ, बक्सिङका दीपक महर्जन, क्रिकेटका महेश रिजाल र खो खोका लक्ष्मीनारायण वैद्य मनोनयनमा परेका थिए।

पिपल्स च्वाइस विधाको मनोनयनमा विजय सिन्जाली (उसु), पूजा महतो (क्रिकेट), हिमाल सुनारी (भलिबल), रेखा पौडेल (फुटबल) र इभाना थापा (टेबल टेनिस) परेका थिए।

नेपाल ओलम्पिक कमिटीमा आबद्ध खेल संघका प्रमुख प्रशिक्षक र मञ्चका सदस्यहरूले दिएको मत पनि यस विधाको विजेता छनोटको आधार हुनेछ। स्पोर्ट्स अवार्डका अन्य विधा पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्डको घोषणा कार्यक्रमकै दिनमा नै घोषणा गरिनेछ। वर्ष पुरुष, महिला, युवा र प्रशिक्षक विधाको विजेताले पल्सर मोटरबाइक पाउनेछन्। पिपल्स च्वाइस विधाको विजेतालाई पल्सर मोटरबाइक प्रदान गरिनेछ। अन्य विधाका विजेताले जनही एक लाख रुपैयाँ र गिफ्ट ह्याम्पर पाउने मञ्चले जनाएको छ।

# अर्जेन्टिना इक्वेडरसँग पराजित



**काठमाडौं/एजेन्सी-** विश्वकप २०२६ को छनोट चरणमा अघि नै स्थान सुरक्षित गरिसकेको अर्जेन्टिनाले अन्तिम खेलमा इक्वेडरसामु निराशाजनक हार व्यहोरेको छ। बुधबार सम्पन्न खेलमा इक्वेडरले इन्ज्युरी समयमा गरेको पेनाल्टी गोलको आधारमा अर्जेन्टिनालाई १-० ले पराजित गर्‍यो।

पहिलो हाफमा नै इक्वेडरले लगातार आक्रमण गरे पनि गोलकिपर एमिलियानो मार्टिनेज अर्जेन्टिनाका उद्धारकर्ता बने। उनले दुई निर्णायक बचाउ गर्दै गोल पोस्ट सुरक्षित राखे। त्यस्तै, डिफेन्डर लियोनार्दो बालेरदीले पनि पेनाल्टी क्षेत्रमै खतरनाक प्रहार रोकेर टोलीलाई कठिन अवस्थामा पुग्नबाट जोगाए। तर बलको नियन्त्रणमा रहे पनि अर्जेन्टिनाले गोलका स्पष्ट अवसर सिर्जना गर्न सकेन।


दोस्रो हाफमा खेलको गति अझ चर्कियो। ६५औं मिनेटमा अर्जेन्टिनाका अनुभवी डिफेन्डर निकोलास ओटामेन्डीले इक्वेडरका स्टार एन्भेर भ्यालेन्सियामाथि पछाडिबाट फाउल गरेपछि रातो कार्डको सजाय भोगे। यससँगै अर्जेन्टिना दश खेलाडीमा सीमित रह्यो। त्यसपछि कप्तानीको जिम्मेवारी रोड्रिगो डे पउलले सम्हाले।

इन्ज्युरी समयतिर खेलको सबैभन्दा नाटकीय क्षण आयो। निकोलास टाग्लियाफिकोले हेडर गर्ने क्रममा हात इक्वेडरका खेलाडीको अनुहारमा लागेपछि भिडियो असिस्टेन्ट रेफ्रीको समीक्षा भयो। त्यसपछि रेफ्रीले इक्वेडरलाई पेनाल्टी दिए। भ्यालेन्सियाले प्रहार गरेको बल गोलकिपर मार्टिनेजले अनुमान गरी डाइभ गरे पनि रोक्न सकेनन् र इक्वेडर १-० ले अगाडि बढ्यो।

खेलको अन्त्यतिर इक्वेडरका मिडफिल्डर मोइसिस कैसिडोलाई पनि रातो कार्ड देखाइएपछि दुवै टोली १०-१० खेलाडीमा सीमित भए। प्रशिक्षक लियोनल स्कालोनीले बराबरी गोल खोज्ने उद्देश्यले जुलियन आल्भारेज, फ्रांको मास्तान्तुओनो, नाहुएल मोलीना र जियोभानी लो सेल्सोलाई मैदानमा उतारे। तर थपिएको समयसम्म पनि गोल गर्न अर्जेन्टिनाले सकेन।

१-० को हारसँगै अर्जेन्टिनाले छनोटको अन्तिम खेल गोलविहीनतामा टुंग्यायो। यद्यपि, टोली यसअघि नै विश्वकप २०२६ को लागि स्थान सुरक्षित गरिसकेको छ। इक्वेडरका लागि भने यो जितले मनोबल बढाएको छ, जसले आगामी चरणमा थप आत्मविश्वास जगाएको छ।

# हालान्डको निरन्तर गोल यात्रा



**काठमाडौं/एजेन्सी-** नर्वेली स्ट्राइकर एर्लिङ हालान्ड पुनः चर्चाको केन्द्र बनेका छन्। मंगलबार भएको अन्तर्राष्ट्रिय मैत्री खेलमा मोल्दोभाविरुद्ध उनले एकै खेलमा पाँच गोल गर्दै नर्वेको जितमा ऐतिहासिक योगदान दिएका छन्। नर्वेले मोल्दोभामाथि ११-१ को ठुलो अन्तरको जित हासिल गर्दा हालान्डले आफ्नो अन्तर्राष्ट्रिय गोल संख्या ४५ खेलमै ४८ पुर्‍याए।

यो उनको राष्ट्रिय टिमका लागि पाँचौं ह्याट्रिक हो। यसअघि उनी ब्राइटनविरुद्ध गोल गरेर इंग्लिस प्रिमियर लिगमा पनि नयाँ इतिहास बनाइसकेका थिए। हालान्डले आफ्नो पहिलो १०० खेलमै ८८ गोल गर्दै लिग इतिहासमै सर्वाधिक गोल गर्ने खेलाडी बनेका छन्।

हालान्डको गोल यात्रा जर्मन क्लब बोरुसिया डर्टमण्डबाटै सुरु भएको हो। डर्टमण्डका लागि उनले ८९ खेलमा ८६ गोल गरेका थिए। त्यसपछि म्यानचेस्टर सिटीमा आएपछि उनको गोल क्षमताले झनै उचाइ पायो। प्रिमियर लिगमा उनले २०२२ देखि अहिलेसम्मको छोटो अवधिमा नै असाधारण गोल रेकर्ड कायम गरेका छन्।

हालान्डलाई केवल उत्कृष्ट फिनिशर भनेर मात्र व्याख्या गर्न सकिँदैन। तथ्यांकले देखाउँछ, उनले गरेको गोल संख्या उनको व्यक्तिगत फिनिसिङ क्षमताभन्दा बढी, अवसर सिर्जना गर्ने क्षमतामा निर्भर छ। प्रिमियर लिगमा उनले पाएका अवसरअनुसार सामान्य स्ट्राइकरले करिब ८४ गोल गर्ने अनुमान गरिन्छ। तर हालान्डले त्यही अवधिमा अझ बढी गोल गरेका छन्।

यसको अर्थ, उनी अवसर प्राप्त गर्न र त्यसलाई गोलमा परिणत गर्न असाधारण खालको खेलाडी हुन्। उनका आलोचकहरूले 'सिटी जस्तो टिममा खेल्दा जुनसुकै स्ट्राइकरले धेरै गोल गर्थे' भन्ने दाबी गरे पनि वास्तविकता फरक छ। उनका जस्तै बलियो, अग्लो, छिटो र सही समयमै सही स्थानमा पुग्ने क्षमता अरूसँग छैन।

म्यानचेस्टर सिटीमै खेलेका अर्का दिग्गज स्ट्राइकर सर्जियो अगुएरोसँग हालान्डको तुलना गर्दा पनि यो कुरा स्पष्ट हुन्छ। अगुएरोले बढी प्रहार गरे पनि हालान्डले कम अवसरमा बढी गोल गरेका छन्। तथ्यांकअनुसार अगुएरोले फिनिशिङमा राम्रो प्रतिशत देखाए पनि हालान्डले आफ्नै गतिशीलता र मूभमेन्टका कारण बढी गुणस्तरीय अवसर सिर्जना गर्न सकेका छन्। यसैले कुल गोलमा उनी अगुएरोभन्दा अगाडि छन्।

युरोपका शीर्ष पाँच लिगका अग्रपंक्तिका खेलाडीहरूसँग तुलना गर्दा हालान्ड फरक देखिन्छन्। रियल मड्रिडका किलियन एम्बाप्पेजस्ता खेलाडीले धेरै तर कम गुणस्तरीय प्रहार गर्छन् भने डोर्टमुण्डका सेरहू गुइरासीले थोरै तर उच्च गुणस्तरीय प्रहार गर्छन्। तर हालान्ड दुबै विशेषता बोकेका छन् - धेरै प्रहार गर्ने र गुणस्तरमा सम्झौता नगर्ने।

पेरिस सेन्ट-जर्मेनका गोनक्लो रामोस वा बार्सिलोनाका रोबर्ट लेवान्डोस्की मात्र यस क्षेत्रमा हालान्डसँग मिल्दोजुल्दो देखिन्छन्।

नयाँ प्रिमियर लिग सिजन सुरु भएको तीन खेलमै हालान्ड शीर्ष गोलकर्ता बनेका छन्। उनले ३ खेलमा ३ गोल गर्दै अन्य खेलाडीभन्दा दोब्बर 'एक्स्पेक्टेड गोल्स' उत्पन्न गरेका छन्। यसको अर्थ, उनले अझ धेरै गोल गर्ने सम्भावना अझै बाँकी छ।

हालान्डको गोल क्षमता केवल 'फिनिसिङ'मा सीमित छैन, उनी अवसर सिर्जना गर्ने, सही समयमा सही स्थानमा पुग्ने र डिफेन्डरलाई असहज बनाउने क्षमतामा पनि विश्वकै अद्वितीय स्ट्राइकर बनेका छन्।

# लिभरपुल फेरि प्रिमियर लिग च्याम्पियन बन्ने बलियो दाबेदार




**काठमाडौं/मस-** इंग्ल्यान्डको प्रिमियर लिगमा यस सिजन लिभरपुलले पुनः च्याम्पियन बन्ने उच्च सम्भावना रहेको अन्तर्राष्ट्रिय खेल अध्ययन संस्था सीआईईएस फुटबल अब्जर्भेटरीले जनाएको छ।

गत सिजन नयाँ प्रशिक्षक आर्ने स्लॉटको नेतृत्वमा लिभरपुलले १० अंकको स्पष्ट अन्तरमा आर्सनललाई पछि पार्दै प्रिमियर लिग उपाधि जितेको थियो। यो पहिलोपटक प्रशिक्षक बनेका स्लॉटका लागि ऐतिहासिक सफलता बनेको थियो।

सिआईईएसले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार लिभरपुलले यस सिजन पनि उपाधि जित्ने सम्भावना २८.९ प्रतिशत रहेको छ। दोस्रो स्थानमा आर्सनललाई १८.८ प्रतिशत सम्भावना दिइएको छ भने १६.२ प्रतिशत सम्भावनासहित चेल्सी तेस्रो स्थानमा छ। लगातार दशकभरि उत्कृष्ट प्रदर्शन गदै आएको म्यानचेस्टर सिटीलाई भने यसपटक १४.४ प्रतिशत सम्भावना मात्र देखाइएको छ।

प्रिमियर लिग इतिहासकै सबैभन्दा सफल टिम म्यानचेस्टर युनाइटेडलाई भने उपाधि जित्ने सम्भावना केवल २.६ प्रतिशत मात्र दिइएको छ। सन् २०१२-१३ पछि उनीहरूले अझै उपाधि जित्न सकेका छैनन्।

इंग्ल्यान्ड मात्र नभई अन्य युरोपेली शीर्ष लिगहरूको समेत सम्भावना सिआइइएसले सार्वजनिक गरेको छ।

स्कटिस प्रिमियरसिपमाः सेल्टिकलाई पुनः च्याम्पियन बन्ने ६३.३ प्रतिशत सम्भावना दिइएको छ। प्रतिस्पर्धी रेंजरसलाई भने २८.९ प्रतिशत सम्भावना मात्र छ, जुन १९८३ पछि पहिलोपटक कमजोर सुरुआतसँग जोडिएको छ।

स्पेनको ला लिगामाः रियल म्याड्रिडले ४०.६ प्रतिशत सम्भावनासहित उपाधि पुनः जित्ने दाबेदारी देखाइएको छ। गत वर्षको विजेता बार्सिलोनालाई २९.६ प्रतिशत सम्भावना दिइएको छ।

जर्मनीको बुन्डेसलिगामाः बायर्न म्युनिख ६१.४ प्रतिशत सम्भावनासहित प्रबल दाबेदार छन्। दोस्रो स्थानमा रहेका बोरुसिया डर्टमुन्डलाई मात्र ८.८ प्रतिशत सम्भावना दिइएको छ।

इटलीको सेरी 'ए' माः इन्टर मिलानलाई २५.६ प्रतिशत सम्भावना दिइएको छ भने युभेन्टस १८.२ प्रतिशत र नापोली १७.४ प्रतिशत सम्भावनासहित शीर्ष तीनमा परेका छन्।

फ्रान्सको लिग १ माः पेरिस सेन्ट-जर्मेन (पीएसजी) ७३ प्रतिशत सम्भावनासहित लगातार पाँचौं पटक उपाधि जित्ने प्रबल दाबेदार देखिएको छ।

सिआइइएस फुटबल अब्जर्भेटरीले २९ वटा लिगलाई समेटेर उपाधि सम्भावना निकाल्ने मोडल विकास गरेको हो। यसमा खेल प्रदर्शन, आर्थिक हैसियत र जनसांख्यिकीय पक्षलाई समेत समावेश गरिएको बताइएको छ।

विशेषगरी अन्तिम तिहाइमा पुग्ने पास, ट्रान्सफर शुल्क लगायतका खेल-सम्बन्धी सूचकांकलाई जोडेर क्लबहरूको क्षमता मूल्यांकन गरिएको छ।

यीमध्ये सर्बियाको रेड स्टार बेलग्रेड लाई ७६.२ प्रतिशत सम्भावनासहित सबैभन्दा प्रबल दाबेदार देखाइएको छ, जुन सम्पूर्ण २९ लिगमध्ये उच्चतम प्रतिशत हो।



काठमाडौंको कलंकीस्थित भाटभटेनी सुपरमार्केटमा रहेको बैंक एटिएम मंगलबार तोडफोड । तस्बिर मध्यान्ह

# ठप्प अर्थतन्त्र, व्यवसाय क्षेत्रमा निराशा

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २५ भदौ ।

मंगलबार जेनजी पुस्तका युवाले भ्रष्टाचार विरुद्ध र सामाजिक सञ्जाल प्रतिबन्ध विरुद्धको आन्दोलनको क्रममा भौतिक पुर्वाधार क्षेत्रमा अकल्पनीय क्षति भएको छ । मुख्यगरी राजधानी काठमाडौंदेखि देशमा मुख्य शहरमा सरकारी निकायका तथा सार्वजनिक भौतिक संरचनादेखि व्यावसायिक भवनमा ठूलो क्षति भयो ।

निजी सम्पत्तीमाथि समेत भएको भौतिक क्षति र लुटपाटको कारण देशमा लगानीको वातावरण नै खल्बलिएको छ । राष्ट्रिय रूपमा मनाइने महत्वपुर्ण चाडपर्वक नजिकिँदै गर्दा भएको क्षतिले मुलुकको अर्थतन्त्रदेखि सामाजिक क्षेत्र समेत प्रभावित हुने देखिएको छ ।

नक्सालस्थित हिल्टन होटेलमा लागेको आगलागी अझै नियन्त्रणमा आएको छैन । यस्तै नेपालको ठूलो व्यवसायी चेन व्यवसाय भाटभटेनीका विभिन्न शाखाहरूमा गरेको आगजनीले खर्ब बढीको क्षति भएको छ भने ती शाखाबाट अरबौं बराबरको लुटपाट भएको छ ।

चन्द्रागिरी केबलबार, थापाथलीको सेन्ट्रल बिजनेश पार्क, एनसेल कम्पलेक्स, सिजी इलेक्ट्रोनिक्स, ग्लोबल कलेज, युलेन्स स्कूलदेखि गाडीका सोरुम लगायतमा ठूलो क्षति भएको छ । यस्तै व्यवसायीलाई नै टार्गेट गरेर निजी निवासमा तोडफोडदेखि सवारी



साधनमा लक्षित गरेर गरिएको आक्रमण र आगजनीले सम्पूर्ण निजी क्षेत्र र लगानीकर्ता नै स्तब्ध भएका छन् ।

आन्दोलनको नाममा भएको आगलागी र लुटपाटमा सुरक्षा निकायको निरिहपनले अनुमान गरेभन्दा धेरै नै क्षति भएको हो । जसले गर्दा देशभित्र विभिन्न क्षेत्रमा लगानी गरेका व्यवसायी निराश भएका छन् ।

यस्तै कोभिड र आर्थिक मन्दीपछि विस्तारै तंग्रिदै गएको अर्थतन्त्रमा जेनजी आन्दोलनले थप अन्योलता सिर्जना गर्‍यो । आन्दोलनले लगानीको वातावरण बिग्रिएको छ भने लगानीकर्ताको मनोवल समेत कमजोर बनाएको व्यवसायीले बताएका छन् ।

अन्तरराष्ट्रिय रूपमा आन्दोलनको प्रचारले पर्यटनको मुख्य सिजनलाई नै असर गर्ने हो कि भन्ने चिन्तामा पर्यटन व्यवसायी समेत रहेका छन् । मंगलबारदेखि देशको अर्थतन्त्र ठप्प छ । दुई दिनदेखि बैंक तथा वित्तीय संस्था बन्द छन् । बैंक बन्द हुँदा नगदको अभाव हुँदै गएको छ ।

बैंकहरूका एटीएम केही बन्द छन् भने खुलेकाबाट समेत पैसा आइरहेको छैन । मोबाइल बैंकिङ र अन्य डिजिटल भुक्तानीमा समेत असर परेको छ । यस्तै कर्फ्यू र निषेधाज्ञाका कारण बजार बन्द छ भने दैनिक कामकाज बन्दले दैनिक रोजगारी गर्नेको जीवनमा ठूलो प्रभाव परेको छ । सार्वजनिक यातायात बन्दका आपूर्ति समेत हुन सकेको छैन ।

# अन्तरराष्ट्रिय हवाई उडान खुल्यो



**काठमाडौं/मस–** त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको हवाई उडान पुनः सञ्चालनमा आएको छ । विषम परिस्थितिका कारण मंगलबारदेखि बन्द रहेको अन्तरराष्ट्रिय विमानस्थल तत्काल लागू हुनेगरी खुलाइएको विमानस्थल कार्यालयले बुधबार दिउसो जनाएको थियो ।

विमानस्थलले सार्वजनिक सूचना जारी गर्दै विषम परिस्थितिका कारण मंगलबारबाट बन्द गरिएका हवाई उडानलाई आज बसेको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा समितिको निर्णयानुसार पुनः सञ्चालन गर्ने निर्णय भएको जनाएको हो ।

हवाई उडानका लागि विमानस्थल आवागमन गर्ने यात्रुले आ-आफ्नो वायुसेवा कम्पनीसँग सम्पर्क गरी उडान समयको जानकारी लिई मात्र विमानस्थल आउन अनुरोध गरेको छ । साथै यसरी आवतजावत गर्दा आधिकारिक हवाई टिकट र परिचय खुल्ने कागजात साथमा लिई आउनसमेत अनुरोध गरिएको छ ।

यसैबीच निजी क्षेत्रको हवाई सेवा कम्पनी बुद्ध एयरले सूचना जारी गर्दै बिहीबार बिहानदेखि उडान सञ्चालन हुने जानकारी गराएको छ ।

# पर्यटकलाई आवागमनमा सहजीकरण गर्न होटल संघको अह्वान




**काठमाडौं/मस–** होटल संघ नेपालले पर्यटकलाई आवागमन सहजीकरण गर्न आह्वान गरेको छ । संघले बुधबार एक विज्ञप्ति जारी गर्दै पर्यटकको आवागमनलाई सहजीकरण गर्दै पर्यटनमैत्री वातावरण सृजना गर्न माग गरेको हो ।

'विद्यमान विषम परिस्थितिबाट देशभर निषेधाज्ञा जारी भएको र विमानस्थल बन्द भई पर्यटक यात्रुहरूको भ्रमण अनिश्चित भएको हुँदा प्राथमिकताका साथ यथाशक्य छिटो व्यवस्थापन गर्नु देशको छवि र पर्यटनको भविष्यसँग प्रत्यक्ष जोडिएको विषय रहेको हुँदा सम्बन्धित सबैबाट यथोचित पहल हुन होटल संघ नेपालले आह्वान गरेको छ', विज्ञप्तिमा भनिएको छ ।

वर्तमान परिस्थितिबाट प्रभावित देशका विभिन्न भागमा रहेका पर्यटकको उपयुक्त व्यवस्थापन एवं सहजीकरण गर्न होटल संघ नेपालले नेपाल पर्यटन बोर्ड तथा नेपाली सेनाको सहकार्य र संयोजनमा कार्य गर्दै आएको संघले उल्लेख गरेको छ । अलपत्र परेका पर्यटकलाई होटल आवास आवश्यकता भए होटल संघ नेपालको हटलाइन सम्पर्क नम्बर ९८५१०३१४९५ मा सम्पर्क गर्न पनि अनुरोध गरिएको छ ।

संघले आसन्न चाडपर्व र पर्यटकीय यामको प्रारम्भ हुने समयमा सिर्जित नयाँ परिवर्तन र सङ्क्रमणकालमा नेपालमा रहेका तथा आउने पर्यटकको उचित व्यवस्थापनमा होटललगायत आतिथ्य क्षेत्र सदाझैं क्रियाशील रहेको जनाएको छ । यस कार्यमा सम्बद्ध सबै पक्षबाट आवश्यक प्राथमिकता र पहल भएको खण्डमा नेपाल आउने पर्यटकबाट हुन थालेको अत्यधिक एवं अप्रत्यासित 'क्यान्सिलेसन' केही हदसम्म रोक्न मद्दत पुग्ने देखिएको पनि विज्ञप्तिमा उल्लेख छ ।

होटललगायतका निजी तथा सार्वजनिक सम्पत्तिमा भएका आगजनी देशकै सम्पत्तिको विनास हो र भोलि पनि आवश्यक पर्ने यस्ता महत्वपूर्ण संरचना निर्माणमा देशकै सीमित साधन तथा स्रोत खर्चिनुपर्ने हुँदा थप विनास हुन नदिन सबैमा होटल संघले अपिल गरेको छ ।

संघले परिवर्तनका लागि जीवन उत्सर्ग गर्ने महान् युवाको आत्माको चीर शान्तिको प्रार्थना गर्दै घाइतेको स्तरीय स्वास्थ्योपचार र शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

# कृषि कर्जा ब्याज अनुदानमा किसानको सहभागिता असाध्यै न्यून



**भोजपुर/मस–** प्रक्रियागत झन्झटका कारण कोशी प्रदेश सरकारले सञ्चालन गरेको कृषि कर्जा ब्याज अनुदान कार्यक्रमप्रति किसानको आकर्षण नभएको पाइएको छ । प्रदेश सरकारले अनुदानको विकल्पमा ब्याज अनुदान कार्यक्रम सञ्चालन गरेको भए पनि यसमा सहभागी किसानको संख्या शून्यप्रायः छ ।

गत आर्थिक वर्षदेखि सुरु भएको यो कार्यक्रममार्फत हालसम्म एक जना किसानले मात्र ब्याज अनुदानमा ऋण लिएको कृषि ज्ञान केन्द्रले जनाएको छ । ऋणका लागि सात जना किसानले आवेदन गरेका थिए ।

केन्द्रका सूचना अधिकारी घनश्याम बरालका अनुसार किसानका व्यावसायिक योजना र धितोका आधारमा दश लाखदेखि तीन करोडसम्म ब्याज अनुदान प्रदान गर्ने व्यवस्था छ । कृषि कर्जामा ब्याज अनुदानका लागि भोजपुरमा सात वटा बैंकका नौ वटा शाखा सूचीकृत भएका छन् ।

यसैबीच, बैंकको लामो र झन्झटिलो प्रक्रियाको कारण ऋण लिन समस्या रहेको स्थानीय किसान नरबहादुर बस्नेतले बताउनुभयो । धितो मूल्यांकनमा समस्या हुँदा यो कार्यक्रममा किसान सहभागी नभएका उनले सुनाए ।

# बिहीबार सेयर कारोबार नहुने




**काठमाडौं/मस–** आज बिहीबार पुँजी बजारमा सेयर कारोबार नहुने भएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले सूचना जारी गरेर यस्तो जानकारी दिएको हो ।

'हालको विषम परिस्थिति एवं कारोबार सदस्य तथा लगानीकर्ताबाट कारोबार स्थगन गर्न अनुरोध भएकाले सूचीकरण तथा कारोबार नियमावली २०७५ को नियम २१ (१) अनुसार २०८२ भदौ २५ र २६ गते सम्पूर्ण धितोपत्र कारोबार स्थगन गरिएको छ', नेप्सेले बुधबार सार्वजनिक गरेको सूचनामा भनेको छ ।

जेनजी पुस्ताका युवाका आन्दोलनको कारण मंगलबार र बुधबार पनि नेप्सेमा सेयर कारोबार हुन सकेन ।

# पर्यटन क्षेत्र कठिन परिस्थितिमा



**काठमाडौं/मस-** पर्यटन क्षेत्रका दुई अगुवा संस्था नेपाल पर्वतारोहण संघ र ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) ले नेपालको पर्यटन क्षेत्र अत्यन्त कठिन परिस्थितिमा रहेको जनाएका छन् । दुवै संस्थाले संयुक्त विज्ञप्ति जारी गर्दै जेनजीले उठाएको मागको सम्बोधन गरी शान्ति सुव्यवस्था कायम गर्दै पर्यटनमैत्री वातावरण सिर्जना गर्न अपिल समेत गरेका छन् । 'जेनजीका मागहरू सम्बोधन गर्न एकपल पनि ढिला गर्नुहुन्न र देशलाई अरु थप क्षति हुनबाट जोगाउनु आवश्यक भइसकेको छ, अब उपरान्त ध्वंशको बाटो सदाका लागि अन्त्य हुनुपर्छ', विज्ञप्तिमा भनिएको छ । जेनजीका माग सम्बोधन गर्नेगरी निश्कलंक र सर्वस्वीकार्य व्यक्तिको नेतृत्वमा नागरिक सरकार गठन गर्न र देशमा अभिलम्ब शान्ति र अमनचयन कायम गर्न अनुरोध पनि विज्ञप्तिमा गरिएको छ ।

संघ र टानले जेनजी प्रदर्शनका क्रममा निधन भएकाहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यालाभको कामना गरेका छन् ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**